का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ कात्तिक २०८२
आइतबार
26 October 2025
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २५५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# फेरि आन्दोलनको त्रास

## जेल बाहिर ५ हजार कैदीबन्दी, फिर्ता भएन लुटिएका ७ सय हतियार

जेनजीको असन्तुष्ट पक्ष, दुर्गा प्रसाईं र राजावादीसहित विभिन्न जातीय, धार्मिक, राजनीतिक समूहबाट चरणबद्धरूपमा आन्दोलनको तयारीले मुलुकको सुरक्षा चुनौती बढेको सुरक्षा निकायहरूको निष्कर्ष छ ।



मुलुकको सुरक्षा अवस्थाको सुक्ष्म विश्लेषण गरी आन्दोलनपछिको स्थिति सामान्यीकरण गर्ने र चुनावको वातावरण बनाउन शान्ति सुरक्षाको प्रत्याभूति दिने कुरामा केन्द्रित भएर सरकारले सुरक्षा प्रमुखहरूसँग छलफल गरेको हो ।

■ ओमप्रकाश अर्याल
गृहमन्त्री



सुरक्षा कतिबेला र कहाँनिर बिग्रन्छ भन्ने यकिन हुन्न । आन्दोलनमा खुंखार कैदीबन्दीहरु भागेर बाहिर छन् । हातहतियारहरु लुटिएका छन् । त्यसले थप चुनौती थपिएको छ ।

■ विनोद घिमिरे
प्रहरी प्रवक्ता



मुलुकको सुरक्षा चुनौतीप्रति सरकार संवेदनशील छैन, चुनाव गराउन बनेको सरकारले चुनावका मुख्य सरोकारवाला राजनीतिक दलका नेताहरूमाथि प्रतिशोध साँध्ने र जेजनीको आन्दोलनलाई समेत तुहाउने गरी कसैको इशारामा चल्दैछ ।

■ शंकर पोखरेल
महासचिव, नेकपा एमाले

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, ८ कात्तिक

मुलुक फेरि आन्दोलनको त्रासमा छ । एकातिर जेनजीको असन्तुष्ट पक्ष, दुर्गा प्रसाईं र राजावादीसहित विभिन्न जातीय, धार्मिक, राजनीतिक समूहबाट चरणबद्धरूपमा आन्दोदनको तयारी भएका विवरण सार्वजनिक भइराखेका छन् । अर्कोतिर जेनजी आन्दोलनले विस्थापित गरेका राजनीतिक दलहरू पनि सडक आन्दोलनको मुडमा छन् । यसले मुलुकको सुरक्षा चुनौती बढेको सुरक्षा निकायहरूको निष्कर्ष छ ।

प्रहरीका अनुसार यसअघिको आन्दोलनको समयमा जेलबाट भागेका कैदीबन्दीमध्ये अझै पाँच हजारभन्दा बढी बाहिर छन् भने त्यसबेला लुटिएका कम्तीमा ७ सय हतियार फिर्ता भएका छैनन् । यसले पनि सुरक्षा चुनौती बढाएको हो ।

सरकार र सुरक्षा संयत्रले अवस्थाको विश्लेषण गरेर सुरक्षा योजना बनाउँदै गरेको बताएका छन् । मुलुकको संक्रमणकालीन अवस्थाको मौका छोपेर फाइदा उठाउँदै विभिन्न शक्तिहरू सडकमा आउने तयारी भइरहँदा सरकार पक्षले सुरक्षा चुनौतीका बारेमा सुक्ष्म विश्लेषण गर्न थालेको सरकारले जनाएको छ ।

शनिबार मात्रै प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सुरक्षा निकायका प्रमुखहरूसँग पछिल्लो सुरक्षाको अवस्था र आगामी निर्वाचनका सम्बन्धमा छलफल भएको छ ।

»» पृष्ठ २ मा

# दोहोरो मारमा व्यवसायी



निजी क्षेत्रले समाजमा आफ्नो योगदान र समस्यालाई बुझाउन सकेन, राज्य र समाजले बुझेन भने संकुचन हुँदै पलायन हुनुको विकल्प छैन ।

■ अम्बिका पौडेल
सभापति, कर तथा राजस्व समिति
नेपाल उद्योग वाणिज्य महासंघ



उद्यमी व्यवसायीको मनोबल उकास्ने काम नहुँदा व्यवसायीले अब उद्योग चलाउने भन्दा बन्द गर्ने निर्णय लिन सक्ने अवस्था बढ्दो छ ।

■ कमलेश अग्रवाल
अध्यक्ष
नेपाल चेम्बर अफ कमर्स

**छवि सापकोटा / मध्यान्ह**
काठमाडौं, ८ कात्तिक

जेनजी आन्दोलनमा अराजक समूहको तारो बनेको निजी क्षेत्रलाई कस्ने सरकारी रवैयाले उद्योगी व्यवसायीमा चरम निराशा देखिएको छ । देशको अर्थतन्त्रको ८० प्रतिशतभन्दा धेरै योगदान दिने निजी क्षेत्रले लगानी असुरक्षाको महसुस गर्न थालेको छ । आन्दोलनपिच्छे अराजक समूहबाट लुटपाट र आगजनी भइरहँदा सरकारले सुरक्षा दिन नसकेपछि लगानी पलायनको खतरा बढेको हो ।

कोभिड महामारीदेखि नै उठ्न नसकेको व्यवसाय एक दशकसम्मै राम्ररी तङ्ग्रिन सकेको छैन । अस्थिर सरकार र नीतिको मारमा परिरहेका बेला थपिएको असुरक्षा र सरकारी रवैयाले पीडा दिएको व्यवसायीहरू बताउँछन् । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले जेनजी आन्दोलनबाट निजी सम्पत्ति, व्यावसायिक प्रतिष्ठान तथा उद्योगमा भएको क्षतिले खस्केको मनोबल अझै उठ्न नसकेको बताए । उनले भने, 'उद्यमी व्यवसायीको मनोबल उकास्ने काम नहुँदा व्यवसायीले अब उद्योग चलाउने भन्दा



बन्द गर्ने निर्णय लिन सक्ने अवस्था बढ्दो छ । निजी क्षेत्रलाई सुरक्षा र लगानीमैत्री वातावरण नबन्दासम्म अर्थतन्त्र लयमा आउने देखिँदैन ।'

आन्दोलनमा निजी लगानीमाथि भएको प्रहारले निजी क्षेत्र आक्रान्त छ । आन्दोलमा भएको क्षतिको राहत पाएका छैनन् । त्यसमाथि लुटपाट र आगजनीमा संलग्नमाथि कारबाही गर्न सरकारले ध्यान दिएको छैन । बरु एक दशक पुरानो डेडिकेटेड तथा ट्रंकलाइन विद्युत् महसुलको नसुल्झिएको विवादको निहुँमा सरकारले धमाधम उद्योगको लाइन काटिरहेको छ ।

ऊर्जामन्त्री कुलमान घिसिङले आफू नौ वर्ष विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हुँदा उठाउन नसकेको महसुल अर्थतन्त्र

»» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा सेक्युरिटी गार्डको तलबप्रति गुनासो बढ्दो

**तिलोचन गौतम / मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ८ कात्तिक

रोजगारदाताले न्यूनतम तलब नदिएको भन्दै मलेसियामा सुरक्षागार्डहरूले तीव्र असन्तुष्टि जनाएका छन् । मलेसियाले गत फेब्रुअरी पहिलो तारिकदेखि स्वदेशी तथा विदेशी कामदारको न्यूनतम तलब १७ सय रिंगेट पुऱ्याएको थियो ।

सैद्धान्तिक रूपमा नेपाली सुरक्षागार्डको तलब १७ सय रिंगेट भन्दा कम नभएपनि कतिपयले १६ सय रिंगेट मात्रै पाएको बताएका छन् भने कतिपयले न्यूनतम र ओभरटाइम बापतको न्यूनतम तलब पाएको, तर कम्पनीलाई नगद फिर्ता गर्नुपर्ने बाध्यताले व्यवहारमा सुरक्षागार्डले अन्य क्षेत्रमा काम गर्ने नेपाली कामदारहरूले भन्दा कम तलब पाउने गरेको बताएका छन् ।

मलेसियाको संगठित क्षेत्रमा श्रमिकले २६ दिन र दैनिक ८ घण्टाका दरले मासिक २ सय ८ घण्टा मात्रै काम गर्नुपर्छ । त्यसबापत उनीहरूले न्यूनतम तलब १७ सय रिंगेट पाउने गरेका छन् । तर अधिकांश सुरक्षागार्डले महिनाको ३० दिन दैनिक १२ घण्टाका दरले ड्युटी गर्नुपरेको बताएका छन् ।

न्यूनतम १७ सय रिंगेटका लागि सुरक्षागार्डले मासिक ३ सय ६० घण्टासम्म काम गर्नुपर्ने र पैदल कोठामा फर्किंदा दैनिक थप एक घण्टा खर्चिनुपर्ने उनीहरूको गुनासो छ । वर्किङ आवर अर्थात् कार्यघण्टाको आधारमा सुरक्षागार्डको मासिक तलब २ ९ सय ४२ रिंगेट हुनुपर्नेमा अधिकांशले १७ सय र केही कम्पनीले बढीमा २३ सय रिंगेटसम्म दिने गरेको देखिएको छ ।

मलेसियास्थित नेपाली दूतावासले गत फेब्रुअरीदेखि लागू भएको न्यूनतम तलब १७ सय रिंगेट अनिवार्य रूपमा कार्यान्वयन हुनुपर्नेमा नै जोड दिइएको बताएको छ । नेपाली दूतावासले नेपाली श्रमिकको पे स्लिप पेस नभएका डिमाण्ड प्रमाणीकरण

»» पृष्ठ २ मा

### मलेसियाको एक हत्या प्रकरणमा तीन नेपाली पक्राउ

**क्वालालम्पुर, मलेसिया / मस–** मलेसियामा आमा-छोरीको हत्या प्रकरणमा तीन नेपाली पक्राउ परेका छन् । मलेसियाको सरकारी सञ्चारमाध्यम बर्नामाका अनुसार मलेसियाको कम्पुङ सेकोलाह जुरुमा एक महिला र उनकी छोरीको हत्यामा संलग्न भएको आरोपमा तीन नेपाली पुरुष पक्राउ परेका हुन् । उनीहरूलाई अदालतको अनुमति लिएर अनुसन्धान गर्न सात दिनका लागि हिरासतमा राखिएको छ ।

पेनाङ प्रहरी प्रमुख दातुक अजिजी इस्माइलले पक्राउ परेका नेपालीहरूलाई हत्याका लागि दण्डसंहिताको धारा ३०२ अन्तर्गत अनुसन्धान भइरहेको जानकारी दिएका छन् । हत्यामा संलग्न एक नेपालीलाई नेपाल भाग्ने प्रयास गर्दा अध्यागमन कार्यालयमा हिरासतमा राखिएको थियो । अन्य दुई संदिग्धहरूलाई बुकित तेंगाहको एक निवासबाट पक्राउ गरिएको थियो । अघिल्लो शनिबार ५१ वर्षीया

»» पृष्ठ २ मा

# जले साढे ९ लाख मिसिल

## साढे २६ हजार मुद्दाको फैसला प्रभावित हुन सक्ने

सर्वोच्च अदालतसहित २३ वटा अदालतमा आगजनी हुँदा झण्डै साढे ९ लाख मिसिल जलेका हुन् । जलेका मिसिलमा फैसला हुन बाँकी विचाराधीन मुद्दाको संख्या २६ हजार ५ सय ६७ छ ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ८ कात्तिक

जेनजी आन्दोलन भएको डेढ महिना नाघ्यो । तर अझैसम्म उक्त आन्दोलनका क्रममा भएको भौतिक क्षतिको यकिन विवरण आउन सकेको छैन । खासगरी भदौ २४ गते देशभरका सरकारी र सार्वजनिक सम्पत्ति र संरचनामा आगजनी र तोडफेड भएका थिए । सम्बन्धित कार्यालयहरू क्षतिको आँकलन गर्नमा व्यस्त छन् । आन्दोलनका क्रममा अदालतसमेत सुरक्षित रहन सकेन ।

सर्वोच्च अदालतले संकलन गरेको क्षतिको विवरणअनुसार भदौ २४ गते सर्वोच्च अदालतसहित २३ वटा अदालतमा तोडफोड र आगजानी भएको छ । २३ वटा अदालतमा भएको तोडफोड र आगजनीका कारण कार्यालयहरूको भवन, मुद्दाका महत्वपूर्ण अभिलेख, चालु अवस्थामा रहेका मुद्दाका मिसिल, सवारी साधान र अन्य सामग्रीहरू जलेका छन् ।

»» पृष्ठ २ मा



**अदालतहरूमा भएको क्षति**
- आगजनी भएका अदालत : २३
- मिसिल : ९,३३,८२३
- पुनः प्रयोग गर्न नमिल्ने भवन : १०
- सवारीसाधन : ४२२
- कम्प्युटर : १,४९२
- सिसी क्यामेरा : ४४५

मध्यान्ह
www.madhyanhadaily.com



# जेनजी आन्दोलनमा आपराधिक गतिविधि गर्नेहरू दण्डित हुन्छन्: आइजिपी खापुङ

**काठमाडौं/मस**–प्रहरी महानिरीक्षक (आइजिपी) चन्द्रकुवेर खापुङले जेन-जी आन्दोलनको क्रममा आपराधिक गतिविधि गर्नेहरूलाई कानुन अनुसार दण्डित गरिने स्पष्ट गरेका छन् ।

काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले आन्दोलनको आवरणमा केही व्यक्तिहरूले आपराधिक कार्य गरेका बताउँदै त्यस्ता गतिविधिलाई प्रहरीले कुनै हालतमा सहन नहुने बताए । 'जेनजी आन्दोलनको बहानामा समाजलाई धमिल्याउने प्रवृत्तिहरू पनि देखिएका छन्, जुन गलत र आपराधिक कार्य हो । यस्ता गतिविधिमा संलग्नहरू क्रमशः दण्डित हुनेछन्,' उनले



भने । आइजीपी खापुङले प्रहरीको मनोबल खस्किएको भन्ने धारणा असत्य रहेको पनि बताए । उनका अनुसार आन्दोलनपछि स्थानीय जनताको सहयोगमा देशभरका प्रहरी चौकीहरू पुनःस्थापित भइसकेका छन् । 'आन्दोलनपछि प्रहरीको मनोबल घटेको भन्ने कुरा सत्य होइन,' उनले भने,'नेपाल प्रहरीप्रति जनताको ठूलो अपेक्षा छ, र ती अपेक्षाहरू पूरा गर्न प्रहरी निरन्तर प्रयासरत छ ।'

खापुङले समाजमा शान्ति र सुरक्षा कायम राख्ने दायित्वबाट नेपाल प्रहरी कहिल्यै पछि नपर्ने उल्लेख गर्दै आपराधिक गतिविधिलाई रोक्ने काममा प्रहरी सदैव अग्रसर रहने प्रतिबद्धता जनाए ।

# निर्धारित समयमै नयाँ संसद् भवन निर्माण गर्न मन्त्री घिसिङको निर्देशन

**काठमाडौं/मस**–सहरी विकासमन्त्री कुलमान घिसिङले सिंहदरबार परिसरमा निर्माणाधीन संघीय संसद् भवन निर्धारित समयमै सम्पन्न गर्न निर्देशन दिएका छन् ।

निर्माणाधीन भवनको शनिबार अवलोकनपश्चात् उनले हरेक दिनको कार्यतालिका बनाएर निर्माणमा जुट्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका हुन् ।

मन्त्री घिसिङले भने, 'पाँचौं पटक म्याद थप गर्दा ठेकेदारका तर्फबाट आगामी पुस १६ गतेभित्र निर्माण सम्पन्न गर्ने प्रतिबद्धता गर्नुभएको छ, उक्त समयभित्रै निर्माण सम्पन्न गर्न गम्भीर भएर काम गर्नुपर्छ ।'

'जेनजी' प्रदर्शनका क्रममा नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा क्षति पुगेको छ । त्यसैले पनि राष्ट्रियसभा बैठक बसाल्न पनि समस्या भइरहेको छ ।



'पुरानो संसद् भवनमा जेनजी प्रदर्शनका क्रममा आगजनी भएर क्षति पुगेको छ । राष्ट्रियसभा बैठक चलाउनुपर्ने छ', उनले भने, 'आगामी निर्वाचनपछि प्रतिनिधिसभा बैठक पनि बस्नुपर्छ । हाल क्षतिग्रस्त संसद् भवनलाई बैठक सञ्चालन योग्य बनाउन समय लाग्छ । त्यसैले नयाँ संसद् भवन छिटो भन्दा छिटो सम्पन्न गर्नुपर्छ ।'

त्यसक्रममा ठेकेदार प्रतिनिधिले हालसम्म ८७ प्रतिशत काम सम्पन्न भएको र भवनभित्र 'फिनिसिङ'को काम चलिरहेको जनाएका थिए ।

कतिपय निर्माण सामग्री विदेशबाट ल्याउनुपर्ने भएकाले निर्माणमा केही ढिलाइ भएको जनाउँदै ठेकेदार कम्पनीले बाँकी काम आगामी पुस १६ गतेसम्म सम्पन्न गर्नेगरी आफूहरू लागिरहेको बताएका थिए ।

सिंहदरबार परिसरभित्र १ सय ५७ रोपनी क्षेत्रफलमा नयाँ संसद् भवन निर्माण भइरहेको छ ।

## फेरि...

छलफलमा सहभागी भएकाका अनुसार उक्त छलफलपश्चात गृहमन्त्री ओमप्रकाश अर्यालले भनेका छन्, 'छलफलको मुख्य एजेन्डा मुलुकको सुरक्षा अवस्थाको सुक्ष्म विश्लेषण थियो । आन्दोलनपछिको स्थिति सामान्यीकरण गर्ने र चुनावको वातावरण बनाउनका लागि चाहिने शान्ति सुरक्षाको प्रत्याभूति दिने कुरामा केन्द्रित भएर सरकारले सुरक्षा अंगका प्रमुखहरूसँग आवश्यक छलफल गरेको हो ।'

जेनजी आन्दोलनपछि नै मुलुकको शान्ति सुरक्षा अस्तव्यस्त भएको हो । त्यसयता शान्ति सुरक्षा सङ्लिन नसकिरहेको अवस्थामा फेरि आन्दोलनको त्रास बढेको हो ।

दशैं, तिहारलगायत चाडपर्वमा अल्मलिएपनि चाडबाड सकिएपछिको स्थिति खराब हुने आम आँकलन छ । जेनजीको असन्तुष्ट समूह, दुर्गा प्रसाईं समूह, राजावादीसहित विभिन्न जातीय, धार्मिक, राजनीतिक समूहले चरणबद्धरूपमा आन्दोदनको तयारीले मुलुकको सुरक्षा चुनौती बढ्ने संकेत गरेको हो ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिबाट बनेको अतरिम सरकारले आफ्नो मुल जिम्मेवारीलाई बहन नगरेर अन्यत्र बहकिएको राजनीतिक दलहरूले आरोप लगाइरहेका छन् । प्रतिनिधि सभाको निर्वाचन गर्ने प्रयोजनका लागि बनेको सुशीला कार्की नेतृत्वको सरकारले राजनीतिक दलहरूसँगको सम्बन्धलाई राम्रो बनाएको छैन । जेनजी आन्दोलन र उनीहरूकै छनोटमा बनेको कार्की सरकारले सोही समूहका मागहरू समेत सम्बोधन गर्न नसकेको गुनासोसहित एकाथरि जेनजी समूह सरकारविरूद्ध आन्दोलित हुन थालेका छन् ।

'नेपो बेबी किड' बहिस्कार र भ्रष्टाचार विरोधी जेनजी आन्दोलनले अचानक सत्ता परिवर्तनको स्थिति ल्याएको थियो । २३ गतेको सुरुमा शान्तिपूर्ण विरोध प्रदर्शन गरेका जेनजीसँग ब्यानरसम्म थिएन । तर आन्दोलन एकाएक नियन्त्रणबाहिर पुगेसँगै गोली चलेपछि २१ जनाको युवा विद्यार्थीको ज्यान गएको थियो । त्यसैको आक्रोशमा आन्दोलनको दोस्रो दिन कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका खरानी बनाइयो । प्रधानमन्त्री, गृहमन्त्री र पार्टीका शीर्ष नेतादेखि राजनीतिक दलका कार्यकर्तासमेत ज्यान जोगाउन भागाभाग भए । आन्दोलन पछि सरकार बनाउँदा र अहिलेसम्मको अवस्थामा वास्तविक जेनजीलाई पाखा लगाउँदै स्वार्थ समूहले जेनजी आन्दोलन 'हाइज्याक' गरेको टिप्पणी भइरहेको छ । भदौ २४ को विध्वंश २३ गते प्रहरीको निर्मम दमनको परिणाम हो भन्ने एक पक्षको तर्क छ भने अर्को पक्षले आन्दोलनको नाममा अन्य समूहले स्वार्थको रोटी सेक्न खोज्दा परिस्थिति प्रतिकूल बनेको टिप्पणी गर्दै आएका छन् ।

जेनजी आन्दोलनले उठाएका माग सम्बन्धमा वर्तमान सरकारले काम गर्न नसक्ने र ती आन्दोलनकारी अन्तरिम सरकारकैविरुद्धमा लाग्न सक्ने सम्भावनालाई सुरक्षा अंगका अधिकारीहरूले आँकलन गरेका छन् । यस विषयम प्रधानसेनापति अशोकराज सिग्देलले पूर्वप्रधानसेनापतिसँग समेत छलफल गरिसकेका छन । पूर्वप्रधानसेनापति प्रज्वलशमशेर राणा, प्यारजंग थापा, गौरवशमशेर राणा, पूर्णचन्द्र थापा र प्रभुराम शर्मा लगायतले वर्तमान राजनीतिमा विकसित घटनाक्रम र भावी सुरक्षा चुनौतीबारे छलफल गरेर आवश्यक पूर्वतयारी गरेको बताइएको छ ।

आन्दोलनबाट भागाभाग भएका दलहरूले विस्रै आफ्ना राजनीतिक गतिविधिलाई सक्रिय बनाउँदै जाँदा वर्तमान सरकारप्रति दलहरू रुष्ट छन् । सरकारले सुरक्षा संवेदनशीलता अपनाउनुको सट्टा गृहमन्त्रीले नै शान्ति भड्काउने अभिव्यक्ति दिनुले सरकार आफैं मुठभेडतर्फ उद्यत भएको नेकपा एमालेका महासचिव शंकर पोखरेलले बताए । उनले भने 'यो सरकार असंवैधानिक सरकार हो । सरकार मुलुकको सुरक्षा चुनौतीप्रति संवेदनशील देखिएको छैन् । चुनाव गराउने भनेर बनेर सरकारले चुनावका मुख्य सरोकारवाला राजनीतिक दलका नेताहरूमाथि प्रतिशोध साँध्ने र जेजनीको आन्दोलनलाई समेत तुहाउनेगरी कसैको ईशारामा चल्दैछ । वर्तमान सरकार समस्याको समाधान नभई थप समस्या सृजना गर्न उद्यत देखिएको छ ।'

जेनजी आन्दोलनको करिव डेढ महिनामा समेत आन्दोलनको मुख्य विषयमा नयाँ सरकार समेत संवेदनशील नदेखिएको जेजनीका विभिन्न समुहले आरोप लगाएको छ । सामाजिक सञ्जालमार्फत् विभिन्न व्यक्ति समूहले धर्ना, जुलुस, प्रदर्शन लगायतका कार्यक्रम सार्वजनिक गरेका छन् । दुर्गाप्रसाई नेतृत्वको राष्ट्र, राष्ट्रियता धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियानले आइतबार पत्रकार सम्मेलन गरेर आन्दोलनको कार्यक्रम तयारीबारेमा जानकारी गराउयँदैछ । १५ कात्तिकबाट सडक प्रदर्शनमा निस्कने घोषणा गरेको उक्त समुहले आइतबार विहान सम्पादकहरूसँग छलफल गरेर अघि बढ्ने तयारी गरेको प्रसाईंको सचिवालयले जनाएको छ । शनिबार मात्रै जेनजी युनाइटेड समुह सरकारविरूद्ध माइतिघर मण्डलाको सडकमा निस्कीए । स्थानीय प्रशासनले अनुमति नदिएपनि जवरजस्त आन्दोलनमा उत्रिएका सो समुहकाम ५० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीको धडपकट लगत्तै जेनजी युनाइटेड समुहले पत्रकार सम्मेलन गरेर सरकार विरूद्ध उत्रने चेतावनी दिएको छ । जेनजीले नै बनाएको सरकारले जेनजीमाथि दमन गरेरको र जेनजी आन्दोलनका मुख्य मुद्दामा सरकारले बेवास्ता गरेको उनिहरूले आरोप लगाएका छन् । जेनजी युनाइटेडका अगुवा मदन कार्कीले आफूहरूले स्वतन्त्र रुपमा प्रदर्शन गर्नका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट अनुमति माग्दा नपाएको बताए । 'आफ्ना मागबारे सरकारको ध्यानाकर्षण गर्न स्वतन्त्ररूपमा आन्दोलन गर्न पाउने लोकतान्त्रीक अधिकार हो', उनले भने ' हामी जेनजीहरू एकजुट हुनुपर्छ भन्ने सकारात्मक भावसहित जाऔं भनेर लागेका हौं । तर हामीलाई रोकियो । जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट अनुमति पाएनौ । अनुमति नपाएपनि लोकतन्त्रमा सडकबाट आफ्ना असहमति व्यक्त गर्न गएका प्रदर्शनकारीलाई नियन्त्रणमा लिनु अलोकतान्त्रिक कार्य हो ।' देशमा अस्थिरता निम्त्याउन खोज्ने स्वार्थ समूहले यस्ता कार्यक्रममा घुसपैठ गरी अराजकता निम्तिनेतर्फ आयोजकहरू नै सचेत हुन सरकारले आग्रह गरेको छ । मुलुकका सुरक्षा अवस्थामा जोखिम निम्तिने अवस्था विद्यमान रहेको उल्लेख गर्दै सरकारले जेनजीसहित सबै राजनीतिक शक्तिहरूलाई सडक प्रदर्शनमा नजान आग्रह गर्दै गृहमन्त्री ओमप्रकाश अर्यालले संवादमार्फत राजनीतिक दलहरूको माग सुनुवाइ सरकारले गर्ने प्रतिबद्धता जनाएका छन् । आन्दोलनरत सबै पक्षले सडकमा नगई संवादबाट समाधान खोज्नका लागी सरकारले सार्वजनीक अग्रह गरेको छ । गृहमन्त्री अर्यालले भने 'सडकमा जान जरुरी छैन, संवादमार्फत समस्या समाधान खोज्न सरकार तयार छ । लोकतान्त्रिक अधिकार प्रयोग गर्दा अरुको अधिकारमा हनन् हुनुपनि भएन', उनले भने । सार्वजनिक निजी सम्पतीमा क्षति पुऱ्याउन र हिंसा हुन नदिई सरकार सजग रहेको उनको भनाई छ ।

केही समय अघि सम्म पुराना राजनीतिक दलका नेताहरूमाथि पक्राउको तयारी गरेको सरकार पछिल्लाले पटकको सुरक्षा अवस्था विश्लेषण गर्दै पछि हटेको सुरक्षा अधिकारीहरूले बताएका छन् । तर, आन्दोलनपछि गिरेको प्रहरी प्रशासनको नूर उठेको छैन् । मुलुकको सुरक्षा संवेदनशीतका माथि चुनौती कायमै रहेको नेपाल प्रहरीले जनाएको छ । नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले बताए ।

शान्ति सुरक्षा भन्ने कुरा जहिले पनि चुनौतीपूर्ण रहने भन्दै उनले भने 'सुरक्षा कतिबेला र कहाँनिर बिग्रन्छ भन्ने यकिन हुन्न । भदौमा जुन जेन-जी आन्दोलन भयो । दोस्रो दिनको आन्दोलनमा ठूलो सङ्ख्यामा कैदीहरु कारागारबाट भागे । खुङ्खार कैदी जो कारागारमै रहनुपर्ने थियो, तिनीहरु यतिबेला बाहिर छन् । हातहतियारहरु लुटिएका छन् । त्यसले गर्दा प्रशासनलाई थप चुनौती थपिएको छ । तर, जस्तोसुकै चुनौतीको समाधान हुन्छ ।' आन्दोलनका दिन जेलबाट भागेका १४ हजार हाराहारी कैदीबन्दी मध्य अझै ५ हजार भन्दा बढी बाहिर छन् । त्यस्तै आन्दोलनका क्रममा सुरक्षाकर्मी र प्रहरी कार्यालयबाट लुटिएका कम्तीमा ७ सय हतियार फिर्ता नभएको प्रहरी प्रधान कार्यालयको दाबी छ ।

## दोहोरो...

कठिन स्थितिमा रहेका बेला अहिले उठाउन कस्सिएका छन् । त्यसलाई व्यवसायीहरूले घिसिङको कुन्ठा र बेमौसमी हठ भनेका छन् । नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइन प्रयोग गरेर त्यसबापतको महसुल नतिरेको भन्दै २४ वटा उद्योगको लाइन काटिदिएको हो । कात्तिक ४ गते विद्युत् महसुल बक्यौता नतिरेको भन्दै जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्स, शिवम् सिमेन्ट, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट र त्रिवेणी स्पिनिङ मिल्सको विद्युत् लाइन काटियो भने शुक्रबार थप १८ वटा उद्योगको लाइन प्राधिकरणले काटेको छ ।

मन्त्री घिसिङको निर्देशनमा विद्युत् प्राधिकरणले शुक्रबार पञ्चकन्या स्टिल, श्याम प्लास्टिक, गोयन्का फुड्स, कसमस सिमेन्ट, एसआर स्टिल, पञ्चकन्या प्लास्टिक, भलवारी स्वचालित कारखाना, जगदम्बा सेन्थेटिक, एभरेष्ट रोलिङ इन्ड्रस्टिज, घराना फुड्स, विशाल सिमेन्ट, बुटवल सिमेन्ट, निगाले सिमेन्ट, एसआर फुड्स, सिद्धार्थ पेट प्लान्ट, हिमाल आइरन, त्रिवेणी सिन्थेटिक यार्न र सोना मिनरल्स एन्ड आयल्सको बिजुली काटिएको हो ।

देशका २५ ठुला उद्योग बन्द हुँदा करिब २० हजारको रोजगारी गुम्ने र राजस्वमा समेत असर पुग्ने देखिन्छ । नेपाल उद्योग वाणिज्य महासंघका कर तथा राजस्व समितिका सभापति अम्बिका प्रसाद पौडल निजी क्षेत्रमाथिको प्रहारले निजी क्षेत्र पलायनको अवस्था सिर्जना हुने बताउँछन् । उनले भने, 'निजी क्षेत्रले समाजमा आफ्नो योगदान र समस्यालाई बुझाउन सकेन, राज्य र समाजले बुझेन भने संकुचन हुँदै पलायन हुनुको विकल्प छैन । निजी क्षेत्रमाथिको प्रहारको जवाफ राज्य सञ्चालकले दिनुपर्दछ ।'

यस्तै आन्दोलपछि व्यवसायी पर्यटन क्षेत्र समेत सुस्ताएको छ । आन्दोनलपछि पर्यटकको आगमन घट्न थालेको छ भने पर्यटन व्यवसायीमा समेत निशाना बढ्न थालेको छ । राजधानीको पाँच तारे होटल होटल ह्यात रेजेन्सी अनिश्चितकालिन रुपमा बन्द भएको घोषणा गरेको छ । आन्दोलनमा होटल परिसरमा तोडफोड र आगजनीका कारण संरचनागत क्षति पुगेपछि क्षतिग्रस्त संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि भन्दै बन्द गरिएको सूचना जारी गरेको छ । यस्तै हिल्टन होटल अगाजनीबाट पूर्ण क्षति भएको छ । बन्द, भाटभटेनीका २८ वटा स्टोर मध्ये २१ वटा स्टोरमा तोडफोड र १२ वटा पूर्ण क्षति भएको थियो । यस्तै चन्द्रागिरि केबलकार बन्द भएको छ ।

व्यवसायी तथा सिटिजन्स बैंक इन्टरनेसनलका सञ्चालक समितिका अध्यक्ष प्रवलजंग पाण्डेले व्यक्तिगत र सार्वजनिक सम्पति जलाउनेहरू कारवाहीको दायरामा नआउनेप्रति कटाक्ष गर्दै लेखेका छन्, 'हायत होटल बन्द, हिल्टन होटल बन्द, पोखराका केही होटल बन्द, पर्यटक आगमन बन्द, भाटभटेनी स्टोर बन्द, चन्द्रागिरि केबलकार बन्द, धेरै कलकारखानाहरू माग कम भएर पहिल्यै बन्द, ३० ठुला उद्योगको विद्युत् महसुल विवादका कारण प्राधिकरणले लाइन काटेर बन्द । खुल्ला छ त केबल राजनीतिक दल दर्ता खुल्ला, खुल्ला छ त केबल दलमा कार्यकर्ता भर्ति खुल्ला, खुल्ला छ त केबल गाली र विरोध गर्ने मुख खुल्ला, खुल्ला छ त केबल व्यक्तिगत र सार्वजनिक सम्पति जलाउने हात खुल्ला ।'

स्वदेशी लगानीकर्ताकै मनोवल कमजोर हुदाँ बिदेशी लगानी आउने वातावरण समेत ठप्प छ । अन्तर्राष्ट्रिय चेन होटल र एनसेलमा भएको आगजनीले थप लगानी आउने सम्भावना न्यून रहेको व्यवसायी बताउँछन् ।

# छ वर्ष बित्दा पनि बेनी–दरवाङ सडक योजना अधुरै

**म्याग्दी/मस**–म्याग्दीको बेनी-दरवाङ सडक आयोजनाअन्तर्गत तेस्रो (रणवाङ-दरवाङ) खण्ड कालोपत्र गर्ने योजना छ वर्ष बितिसक्दा पनि पूर्णता प्राप्त गर्न सकेको छैन ।

रणनीतिक रूपमा महत्वपूर्ण मानिएको उक्त खण्ड मंगला गाउँपालिका-२ रणवाङबाट मालिका गाउँपालिकाको केन्द्र दरवाङसम्म आठ किलोमिटर दूरीमा कालोपत्र गर्न २०७६ जेठ ३१ गते पूर्वाधार विकास कार्यालय म्याग्दी र निर्माण कम्पनीबीच २२ करोड ५७ लाख नौ सय ३२ रुपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

योजना २०७८ जेठमा सम्पन्न हुनुपर्ने भएपनि हालसम्म भौतिक प्रगति ८७ प्रतिशत मात्र पुगेको कार्यालयले जनाएको छ । सात किलोमिटर लामो सडकअन्तर्गत रणवाङ-तोलावाङ खण्डमा तीन किलोमिटर ३ सय मिटर सडकमा डिबिएसडी प्रविधिको कालोपत्र कार्य सम्पन्न भएको कार्यालयका प्रमुख विष्णु पौडेलले जानकारी दिए । ढाडखर्क र दरवाङ बजार क्षेत्रमा संरचना निर्माण अन्तिम चरणमा पुगेको पनि उनले बताए ।

म्याग्दीको जीवनरेखा मानिने बेनी-दरवाङ सडकमा भएको ढिलाइका कारण यात्रुहरूलाई सास्ती, दुर्घटनाको जोखिम र



यातायात सञ्चालनमा असहजता भइरहेको यातायात व्यवसायी अर्जुन आचार्यले बताए ।

'रणवाङ-तोलावाङ खण्डमा ठेक्का सम्झौता भएको पाँच वर्षपछि गत वर्ष कालोपत्र भए पनि तोलावाङ-दरवाङ खण्ड अझै अधुरै छ,' उनले भने, 'कालोपत्र नहुँदा दुर्घटनाको जोखिम बढेको छ, धुलोका कारण स्थानीय बासिन्दा निकै प्रभावित भएका छन् ।'

यो सडक आयोजना गण्डकी प्रदेशको 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालित छ । तर, ठेकेदार कम्पनीले निर्माण सामग्रीको अभाव, मजदुर र उपकरण परिचालनमा समस्या देखाएपछि काममा ढिलाइ भएको स्थानीयवासीले बताएका छन् ।

निर्माण कम्पनी बिरुवा-क्याराभानका सञ्चालक चन्द्र थकालीका अनुसार नदीजन्य निर्माण सामग्रीको अभाव, पर्याप्त बजेट विनियोजन नहुनु, कोरोना महामारी र प्राकृतिक विपद्का कारणले परियोजनामा ढिलाइ भएको हो ।

उनले भने, 'पहिरो प्रभावित क्षेत्रबाहेक सडक फराकिलो बनाउने, नाली र पर्खाल निर्माण कार्य सम्पन्न भइसकेको छ । अब यो योजना चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने तयारीमा छौं ।'

गत आर्थिक वर्षमा १ करोड ५० लाख विनियोजन भएको उक्त योजनाका लागि प्रदेश सरकारले थप १ करोड ५० लाख रकमान्तर गरेर भुक्तानी गरेको थियो । चालु आर्थिक वर्षमा ४ करोड विनियोजन गरिएको छ ।

मंगला, मालिका र धौलागिरी गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने २४ किलोमिटर लामो यो सडक २०६३ मा मार्ग खुलेको थियो । बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि यो मार्ग प्रयोग गर्ने भएकाले मध्यपहाडी लोकमार्गको विकल्प र रणनीतिक महत्वको सडकका रूपमा यसको मान्यता छ ।

बेनीदेखि सिमसम्म १२.५ किलोमिटर सडक चार वर्षअघि कालोपत्र गरिएको थियो । त्यसपछिको सिम-पानाबगर खण्ड (४ किमी) २०८१ जेठमा मात्र सकिएको हो ।

गण्डकी प्रदेशसभाका सांसद रेशम जुग्जालीले परियोजनाको कार्यान्वयनमा निर्माण कम्पनीले विभिन्न बहाना बनाई ढिलाइ गरेको बताए । 'आर्थिक वर्ष २०८०/८१ मा काम सम्पन्न गर्नका लागि रु पाँच करोड विनियोजन गरियो, तर ठेकेदारले काम गरेन,' उनले भने, 'गत वर्ष विनियोजित रकम नपुगेपछि रकमान्तर गरेर भुक्तानीको व्यवस्था मिलाएका थियौं ।'

सांसद जुग्जालीले यस वर्ष विनियोजित बजेट अपुग भएमा थप बजेट व्यवस्थाका लागि सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाउँदै निर्माण व्यवसायीले अधूरा काम छिटो सम्पन्न गर्नुपर्नेमा जोड दिए ।

## मलेसियामा...

नगरिएको दूतावासका जनसम्पर्क अधिकृत भरत गिरी बताउँछन् । केही समयअघि मलेसियाका सेतिया सेक्युरिटी, वन सर्भिस सेक्युरिटी, जिन सेक्युरिटी, अल सेफ गार्ड सेक्युरिटी, डी सेफ सेक्युरिटी, जेकेएस सेक्युरिटी कम्पनीको तलब विवाद नेपाली दूतावास पुगेको थियो । तर मलेसियामा सुरक्षागार्ड सप्लाइ गर्ने १२ सय कम्पनी रहेका छन् ।

मलेसियास्थित नेपाली दूतावासले सुरक्षागार्डको न्यूनतम तलब कार्यान्वयन नगर्ने कम्पनीको नयाँ मागपत्र प्रमाणीकरण नगरेर कारबाही गर्ने र गुनासो आएको खण्डमा सम्पर्क गरेर न्यूनतम तलब कार्यान्वयन गर्न दबाब दिने गरेको बताउँदै आएको छ । तर न्यूनतम तलब कार्यान्वयनमा आएको ८ महिना बितिसक्दा पनि अतिरिक्त समय काम गरेको, तलब नपाएको सेक्युरिटी क्षेत्रमा काम गर्ने नेपाली कामदारको गुनासो रहेको छ ।

त्यसरी गुनासो गर्ने कामदारहरूलाई दूतावासले केही समय संयम अपनाउन र धैर्य गर्न आग्रह गर्ने गरेको छ । गुनासोको संख्या धेरै र जनशक्ति न्यून हुँदा दूतावासले कम्पनीहरूको निरीक्षण गर्ने, तलब, सुविधा र उचित वासस्थान पाए/नपाएको अनुगमन गर्न नसकेको बताएको छ । नेपाली दूतावासले शुक्रबार सञ्चालन गर्ने साप्ताहिक फेसबुक लाइभ कार्यक्रममा काउन्सिलर श्रम कृष्णप्रसाद भुसालले नेपाली दूतावासले गुनासो समाधानका लागि नयाँ डिमाण्ड एटेस्टेसनमा न्यूनतम तलब १७ सय रिंगेट तलब अनिवार्य र सुरक्षागार्डको बैंक खातामा तलब जम्मा भएको बैंक ट्रान्सफरको स्लिप अनिवार्य गरिएको बताएका छन् ।

## मलेसियाको...

सारिया चे हिन र उनकी धर्मपुत्री नुर अफरिना अलिशा अब्दुल रहिम, ११ वर्षीया कम्पुङ सेकोलाह जुरुको एक घरमा मृत फेला परेका थिए । सरियाको शव घरको भुइँ तल्लाको भान्छामा फेला परेको थियो ।

प्रहरीले अनुसन्धानमा सहयोग गर्न पीडितका ५७ वर्षीय पतिसहित तीन जना संदिग्धहरूलाई पनि पक्राउ गरेको बताएको छ । मलेसियाको दण्डसंहिताको धारा ३०२ अन्तर्गतको कसुरमा मृत्युदण्ड वा कम्तीमा ३० वर्ष, तर बढीमा ४० वर्ष कैदको सजाय हुन्छ । मृत्युदण्ड नदिएको खण्डमा ५० वर्षमुनिका पुरुषलाई दोषी ठहरिएमा कम्तीमा १२ कोर्राको सजाय हुने व्यवस्था छ ।

## जले...

सर्वोच्च अदालतले अन्य अदालतहरूबाट समेत लिएको विवरणअनुसार चालु अवस्थामा रहेका र अभिलेखमा पुगेका ९ लाख ३३ हजार ८ सय २३ वटा मिसिल जलेका छन् । यसको विवरण अझै थपिन सक्ने अदालत प्रशासनले जनाएको छ । यी झन्डै साढे ९ लाख मिसिल विचाराधीन मुद्दासँग सम्बन्धित छन् । जलेका मिसिलमा फैसला हुन बाँकी विचाराधीन मुद्दाको संख्या २६ हजार ५ सय ६७ छ । अर्थात्, झन्डै साढे ९ लाख मिसिल जल्दा त्यसबाट साढे २६ हजार मुद्दाको फैसला प्रभावित हुन सक्ने प्रारम्भिक विवरण छ ।

सर्वोच्च अदालतले देशभरबाट संकलन गरेको प्रारम्भिक विवरण अदालत व्यवस्थापन समितिको बैठकमा पेस भएको छ । यी विवरणलाई अदालतले सरकार र जाँचबुझ आयोगमा समेत पठाउनेछ ।

सरकारले जेनजी आन्दोलनका क्रममा भदौ २३ गते भएको दमन र भोलिपल्ट भएको विध्वंश घटनाको छानबिन गर्न जाँचबुझ आयोग बनाएको छ । विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा गठित समितिमा नेपाल प्रहरीका पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विन्देश्वरी भण्डारी सदस्य छन् । यो आयोगले आन्दोलनका क्रममा भएको घटनाहरूको छानबिन गर्नेछ । अदालतमा के कति क्षति भयो भन्ने विवरण उपलब्ध हुँदा आयोगलाई काम गर्न र गहिराइमा पुग्न थप सहज हुने सर्वोच्च अदालत प्रशासनको विश्वास छ । सर्वोच्च अदालतको भने सबैजसो मिसिल जलेका छन् । अदालत प्रशासनका अनुसार सर्वोच्चमा भदौ २३ गतेसम्म २४ हजार २ सय ३४ वटा मुद्दा विचाराधीन थिए । त्यसमध्ये २० हजार ३४ वटा विचाराधीन मुद्दाको मिसिल जलेको छ । ४ हजार २ सय मुद्दाका मिसिल भने बचेका छन् । बचेका मिलिलमा रिटतर्फ २ हजार ५ सय ९ र मुद्दाका एक हजार ६ सय ९१ थान मिसिल रहेका छन् ।

मिसिलका अलावा अदालतका अन्य क्षतिको विवरण समेत संकलन भएको छ । २३ वटा अदालतका १० वटा भवन काम नलाग्ने गरी जलेका छन् । सर्वोच्च अदालतकै एनेक्स बाहेक कुनै पनि भवन काम लाग्ने अवस्थामा छैनन् । उच्च अदालत तुलसीपुर, उच्च अदालत बुटवल र उच्च अदालत पाटनको हेटौंडा इजलासको भवन काम नलाग्ने गरी जलेको छ ।

काठमाडौं, मोरङ, चितवन, कास्की, तनहुँ र बाँके जिल्ला अदालतका भवन पनि प्रयोग गर्न नमिल्ने गरी जलेको छ ।

अदालतको भवन जल्दा कार्यालयमा रहेका उपकरणहरू पनि जलेका छन् । डेस्कटप कम्प्युटर मात्रै एक हजार ४ सय ९२ थान जलेका छन् । जसमा सर्वोच्च अदालतका मात्रै सात सय ९ वटा रहेका छन् । ६ सय ३५ वटा ल्यापटप जलेका छन् । प्रिन्टर आठ सय ५४ वटा जलेका छन् । अभिलेख स्क्यानर मेसिन २३ वटा जेलका छन् । चास सय ४५ वटा सिसी क्यामेरा जलेका छन् । भिडियो कन्फरेन्स सेट ८६ वटा जलेका छन् । १ सय ९५ वटा डिस्प्ले टिभी, एक हजार एक सय ११ थान युपिएस, ३८ वटा फोटोकपी मेसिन, ६ वटा जेनेरेटर, एसी ३ सय ३९ र ८१ थान इहाजिरी जलेका छन् ।

अदालतमा तोडफोड र आगजनी हुँदा परिसरमा रहेका सवारी साधनमा समेत क्षति पुगेको छ । २३ वटै अदालतको गरेर चार सय २२ सवारी सधान नष्ट भएका छन् । २ सय २३ वटा मोटरसाइकल काम नलाग्ने गरी जलेका छन् । ७० वटा स्कुटर पनि जलेर नष्ट भएको छ ।

# वार्ता र संवादमार्फत समाधान खोज्न गृह मन्त्रालयको अनुरोध

**काठमाडौं/मस-** गृह मन्त्रालयले कुनै पनि माग वार्ता र संवादमार्फत समाधार खोज्न सबैमा अनुरोध गरेको छ। मन्त्रालयका प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले हाल सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्ति तथा समूहका नाममा धर्ना, जुलुस, विरोध प्रदर्शनलगायत आन्दोलनका कार्यक्रमहरू सार्वजनिक भएरहेको विषयमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै सबैका जायज माग, चासो एवम् सरोकारलाई सम्बोधन गर्न सरकार गम्भीर रहेको स्पष्ट पारेका छन्।




उनले एक विज्ञप्ति जारी गरी भनेका छन्,'यस्ता धर्ना, जुलुस, प्रदर्शन, आन्दोलनलगायत कार्यक्रमहरू नगरी वार्ता र संवादका माध्यमबाट कुनै पनि मागको विधिसम्मत समाधान खोज्न सबैमा हार्दिक अनुरोध छ।'

जेनजीपुस्ताको अगुवाइमा भएको प्रदर्शनपश्चात् गठन भएको वर्तमान सरकार आगामी फागुन २१ गतेका लागि तय भएको निर्वाचनको वातावरण बनाउनेतर्फ क्रियाशील रहेको स्मरण गराउँदै मन्त्रालयका प्रवक्ता काफ्लेले सोही अनुसार सरकारले निर्वाचनसम्बन्धी कानुनमा संशोधन, स्रोत र साधनको व्यवस्थापन, राजनीतिक दल तथा सरोकार भएकाहरूसँग वार्ता र संवाद गरिरहेको जानकारी दिए।

देशमा शान्तिसुरक्षा कायम गर्दै घोषित मितिमा स्वच्छ, निष्पक्ष एवम् भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सबैको योगदान महत्वपूर्ण र भूमिका अपरिहार्य रहेको भन्दै सोहीबमोजिमको भूमिका र दायित्व अनुसार सहकार्य र समन्वय आवश्यक पर्नेमा उनले जोड दिए।

मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ,'गत भदौ २३ र २४ गतेको प्रदर्शनपश्चात्, सार्वजनिक सेवा पुनः सञ्चालन गर्नाका साथै क्षतिग्रस्त संरचनाको पुनर्निर्माण प्रक्रिया आरम्भ गरी शान्तिसुरक्षाको अवस्था सामान्य हुँदै जानुका साथै सरकारले निर्वाचन केन्द्रित वातावरण निर्माण गरिरहेको छ। हाल सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्ति तथा समूहका नाममा धर्ना, जुलुस, विरोध प्रदर्शनलगायत आन्दोलनका कार्यक्रमहरू सार्वजनिक भएको विषयमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।'

देशमा अस्थिरता निम्त्याउन खोज्ने स्वार्थ समूहले यस्ता कार्यक्रममा घुसपैठ गरी अशान्ति एवम् अराजकता निम्त्याउन सक्ने हुँदा त्यसतर्फ आयोजकहरूसमेत सचेत हुनुपर्नेतर्फ मन्त्रालयले ध्यानाकर्षण गराएको छ।

आफ्ना माग राख्दा जनताको शान्तिपूर्वक बाँच्न पाउने, निर्बाध सार्वजनिक सेवा प्राप्त गर्ने, निर्वाचनमा भाग लिन पाउनेलगायत हकअधिकार कुण्ठित हुन नदिन र सार्वजनिक सुरक्षा साथै राष्ट्रिय सुरक्षा खलल हुन नदिई मुलुकमा साम्प्रदायिक सद्भाव कायम राख्दै राष्ट्रिय हितको प्रवर्द्धन गर्ने कार्यमा योगदान गर्न मन्त्रालयले सबैमा अनुरोध गरेको छ।

# सरकारले दमन गऱ्यो, अब त्यसै छोड्दैनौं : जेनजी प्रतिनिधि

**काठमाडौं/मस-** जेनजी प्रतिनिधिहरुले सरकारविरुद्ध आक्रोश व्यक्त गरेका छन्। शनिबार माइतीघर मण्डलामा शान्तिपूर्ण प्रदर्शनका लागि भेला भएका जेनजी प्रतिनिधिहरुलाई प्रहरीले पक्राउ गरेपछि उनीहरु सरकारविरुद्ध खनिएका हुन्।




शनिबार उनीहरुले पत्रकार सम्मेलन गरी जेनजीहरुलाई एकतावद्ध गराउने अभियानमा जुटेकाहरुलाई सरकारले पक्राउ गरेको भन्दै आपत्ति जनाएका छन्। सरकारले शान्तिपूर्ण रुपमा भेला भएका जेनजीहरुलाई पक्राउ गरेकाले उनीहरुको रिहाई तत्काल नभए कडा कदम चाल्न आफूहरु बाध्य हुने जेनजी प्रतिनिधि मञ्जना राईले बताइन्। उनले जेनजीले बनाएको सरकारले उनीहरुको मागअनुसार काम गर्न नसकेको गुनासो पनि गरिन्।

राईले भनिन्, 'अब हामी नयाँ कदम चाल्न बाध्य हुनेछौं। हामी पछि हट्ने छैनौं यही चेतावनी दिन चाहन्छौं। थुनिएका साथीहरु रिहाई नभएसम्म हामी अर्को कदम चाल्न बाध्य छौं।'

जेनजी प्रतिनिधिहरुले सरकारले आफूहरुमाथि दमन गरेको भन्दै सैह्य नहुने चतावनी समेत दिएका छन्। भोजपुरका जेनजी प्रतिनिधि सागर तामाङले सरकारका दमनकारी नीतिविरुद्ध लाग्न पनि सबैलाई आह्वान गरे।

उनले भने,'हामीलाई युनिफाईड पनि हुन नदिने। यो कस्तो सरकार हो रु युनिफिकेशनको क्याम्पियन पनि रोक्नुपर्ने रु अब अहँ हुँदैन। जे जे गर्नुपर्छ, हाम्रो मागहरु छिटो पूरा हुनुपर्छ। सरकारले केही गर्दैन, हाम्रो साथीहरुलाई यसरी दमन गरिन्छ भने हामी सहदैनौं। अझ कहाँ कहाँ जाने हो, गर्ने हो। त्यही भएर आज हामी यही गर्देछौं हाम्रो युनिफिकेशन क्याम्पियन जवसम्म पूरा हुँदैन, जे जे गर्नुपर्छ लाग्ने हो। सबैले आफ्नो सबै कुरा छोडेर युनिफाइड हुनुपर्छ देशका लागि।'

जेनजी आन्दोलनले बनाएको सरकारले उनीहरुमाथि नै दमन गरेकाले त्यसको प्रतिरोधमा उत्रनुपर्ने बेला आएको तामाङको भनाइ थियो। उनले आफूहरुको माग सम्बोधन गराउन आन्दोलनलाई निरन्तर अघि बढाउने योजनामा रहेको समेत बताए।

## शोकमा डुब्यो स्यालाखदी गाउँ

# जीप दुर्घटनामा ८ जनाको मृत्यु, १० घाइते

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ८ कात्तिक

रुकुम पश्चिमका आठबिसकोट नगरपालिका वडा नम्बर १,२ र ३ अहिले शोकमय बनेको छ। दुर्घटनामा ३ वटा वडाका आठ जनाले ज्यान गुमाएपछी गाउँ नै शोकमय बनेको हो।



आठबिसकोट नगरपालिकाका प्रमुख रबि केसीले प्रहरी, यातायात व्यवसायीसँग छलफल गरेर छानबिन समिति बनाउने बताएका छन्। उनले स्यालाखदी गाउँ शोकमा परेको बेला नगरपालिकाको तर्फबाट विशेष सहयोग गर्ने पनि बताए।

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका र आठबिसकोट नगरपालिकाको सीमा झारमारेमा जिप दुर्घटना भएको थियो। मुसिकोट खलङ्गाबाट आठबिसकोटको स्यालाखदीतर्फ जाँदै गरेको बोलेरो जिप झारेमारेमा दुर्घटना भएको हो।

दुर्घटनामा आठ जनाको मृत्यु भएको छ। जिप नम्बर रा१ज ४२२ रहेको र चालक टोपजंग बुढा रहेका छन्। जिपमा १९ जना यात्रुहरू सवार रहेका थिए। उद्धारका लागि प्रहरी चौकी नदुवा, ईलाका प्रहरी कार्यलय बाफिकोट, ईलाका प्रहरी कार्यालय आठबिसकोट र जिल्ला प्रहरी कार्यलयबाट प्रहरीको टोली खटिएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी प्रहरी निरीक्षक हरिप्रसाद पुनले जानकारी थिए।

मृत्यु हुनेमा आठविसकोट नगरपालिका-२ स्यालाका ३० वर्षीया कमला वली, सोही स्थानका १६ वर्षीय टेकजंग बुढा, १५ वर्षीया दिलमाया बुढा, १७ वर्षीया मनिका वली, १८ वर्षीया शर्मिला विक, २२ वर्षीय गोपाल वली, आठविसकोट नगरपालिका १ कि १५ वर्षीया कल्पना नेपाल र २८ वर्षीया सविता विक रहेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी प्रहरी निरीक्षक पुनले जानकारी दिए। उनका अनुसार दुर्घटनामा परी १० जना घाइते भएका छन्।

घाइते हुनेमा आठविसकोट नगरपालिका-२ कि १७ वर्षीया सिर्जना बुढा, १५ वर्षीया सपना नेपाल, १८ वर्षीया जुना बुढा, १७ वर्षीया संगिता बुढा र १९ वर्षीया शान्ति बुढा रहेका छन्। त्यस्तै अन्य घाइते हुनेमा १७ वर्षीया अञ्जना ऐरी, २० वर्षीया महिमा ओली, १७ वर्षीया मनिषा थापा, १५ वर्षीया सविता विक र गाडी चालक ३४ वर्षीय टोपजंग बुढा रहेको प्रहरी निरीक्षक पुनले जानकारी दिए। नौ जना घाइतेको जिल्ला अस्पताल सल्लेमा उपचार भइरहेको छ भने १८ वर्षीया जुना बुढालाई थप उपचारका लागि नेपालगञ्ज रेफर गरिएको छ।

# अन्धाधुन्ध एन्टिबायोटिकको प्रयोगले जनस्वास्थ्यमा गम्भीर असर



**जुनु भट्टराई/रासस**
विराटनगर, ८ कात्तिक

सामान्य खोकी, ज्वरो वा घाउजस्ता साना समस्या देखिँदा चिकित्सकको सल्लाहबिना नै एन्टिबायोटिक औषधि खाने प्रवृत्ति बढ्दै गएको छ। यसले अब 'एन्टिमाइक्रोबियल रेसिस्टेन्स (एएमआर)' नामक मौन महामारीको रूप लिँदै जनस्वास्थ्यका लागि गम्भीर खतरा सिर्जना गरेको छ।

विराटनगरकी सरिता कार्कीले आठ वर्षीय छोरालाई खोकी र ज्वरो आएको कारण औषधि पसलबाट एन्टिबायोटिक किनेर खुवाइन्। पहिलो पटक निको भए पनि केही हप्ता नबित्दै पुनः त्यही औषधि दिएपछि असर गरेन। पछि अस्पताल गएपछि मात्र शक्तिशाली एन्टिबायोटिकले काम गऱ्यो। सरिता भन्छिन्, 'पहिले काम गरेको औषधि यसपटक असर नगरेपछि थाहा पाएँ, हामी कति गलत ढंगले औषधि खाइरहेका रहेछौं।'

त्यस्तै, मोरङका रामबहादुर राईले पनि दाँत दुख्दा चिकित्सकको सल्लाहबिना औषधि सेवन गर्थे। पछिल्लो पटक औषधिले काम नगरेपछि मात्र उनीलाई औषधिको प्रभाव घटिसकेको थाहा भयो। धरानकी रीता तामाङले त फेसबुक सल्लाहका भरमा एन्टिबायोटिक सेवन गर्दा पेट दुखेर अस्पताल भर्ना हुनुपऱ्यो।

यी उदाहरणहरूले औषधिको सहज उपलब्धता र 'छिटो निको हुने' सोचले मानिसहरूलाई आफैं चिकित्सक बन्ने प्रवृत्ति बढाएको देखाउँछन्। चिकित्सकको सल्लाहबिना एन्टिबायोटिकको प्रयोगले ब्याक्टेरिया अझ बलियो बन्दै जाने र औषधि अप्रभावी हुने अवस्था आएको कोशी अस्पतालका डा. रामनारायण चौधरी बताउँछन्।

नोबेल मेडिकल कलेजका प्रिन्सिपल तथा वरिष्ठ फोक्सो रोग विशेषज्ञ प्रा. डा. रामहरि घिमिरेका अनुसार एन्टिबायोटिकको दुरुपयोगले केवल ब्याक्टेरियालाई होइन, सम्पूर्ण रोग प्रतिरोध प्रणालीलाई असर पुऱ्याउँछ। 'डोज पूरा नगर्ने, औषधि पसलेले मात्रा नठिक्याउने वा चिकित्सकले कीटाणुको जाँच नगरी औषधि दिने गल्तीले यो समस्या बढेको हो,'उनी भन्छन्।

डाक्टरहरूका अनुसार एन्टिमाइक्रोबियल औषधिको अवाञ्छित प्रयोगले सूक्ष्मजीवले प्रतिरोध क्षमता विकास गर्छन्। यसले बिरामीमा उपचार नलाग्ने अवस्था ल्याउने मात्र होइन, मृत्युको जोखिमसमेत बढाउँछ। विश्व स्वास्थ्य संगठनले यसलाई अहिलेका १० प्रमुख जनस्वास्थ्य चुनौती मध्ये एकको रूपमा राखेको छ।

नेपाल औषधि व्यवसायी संघ मोरङ शाखाका अध्यक्ष देशबन्धु ढकालले उपभोक्ताको असचेतनतालाई मुख्य समस्या बताउँछन्।

'हामीले औषधि पसलेहरूलाई चिकित्सकको पुर्जीबिनै एन्टिबायोटिक नबेच्न सचेत गराइरहेका छौं,'उनी भन्छन्। तर, धेरैजसो अवस्थामा उपभोक्ताले दबाब दिँदा व्यवसायी बाध्य हुने गरेको पनि उनले बताए। ढकालका अनुसार एन्टिबायोटिक दुरुपयोग नियन्त्रणका लागि सचेतना र सरकारी नियमन दुवै जरुरी छन्।

एन्टिबायोटिकको गलत प्रयोग केवल मानिसमा सीमित छैन। पशुपालन र मत्स्य क्षेत्रमा पनि यसको प्रभाव बढ्दो छ। कोशी प्रदेश पशु विकास निर्देशनालयका सूचना अधिकारी डा. विनोदकुमार शाहका अनुसार धेरै किसानले चिकित्सकको सल्लाहबिना नै पशुमा औषधि प्रयोग गर्छन्। 'यस्ता औषधिको अवशेष दूध, मासु र अण्डामार्फत मानिसको शरीरमा पुगेर प्रतिरोध विकास गराउँछ,'उनले बताए।

डा.शाहले यसलाई 'वन हेल्थ' दृष्टिकोणबाट बुझ्नुपर्ने बताउँदै थपे, 'मानव, पशु र वातावरण परस्पर जोडिएका छन्। त्यसैले समाधान पनि समग्र दृष्टिकोणबाट खोज्नुपर्छ।' निर्देशनालयले किसानलाई तालिममार्फत सचेत गराइरहेको र नीति कडाइका लागि मन्त्रालयसँग सहकार्य भइरहेको जानकारी उनले दिए।

विराटनगर महानगरका स्वास्थ्य शाखा संयोजक दिलीपकुमार यादवका अनुसार समुदायमा एन्टिबायोटिकबारे बुझाइ कमजोर भएकाले यसको दुरुपयोग बढ्दै गएको छ। 'अब विद्यालय, महिला समूह र स्वास्थ्यकर्मीमार्फत सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ,'यादव भन्छन्।

नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्काले एन्टिबायोटिक प्रतिरोधलाई केवल चिकित्सक र बिरामीबीचको कुरा नभई सम्पूर्ण समाजको साझा चुनौतीका रूपमा लिनुपर्ने बताए।

'जनचेतना नै सबैभन्दा शक्तिशाली औषधि हो। मिडियाले तथ्य, कथा र समाधानका कोणबाट लेखे भने व्यवहारिक परिवर्तन सम्भव छ,'उनी भन्छन्। विश्व स्वास्थ्य संगठनको तथ्यांक अनुसार हाल विश्वभर हरेक वर्ष करिब ७ लाख मानिसको मृत्यु एन्टिमाइक्रोबियल रेसिस्टेन्सका कारण हुन्छ। यो दर बढ्दै गए २०५० सम्म हरेक वर्ष एक करोड मानिसको मृत्यु एन्टिबायोटिकले काम नगरेर हुने अनुमान गरिएको छ।

नेपालमा पनि पछिल्लो दशकमा एन्टिबायोटिकको अनियन्त्रित प्रयोगले जोखिम बढाएको देखिएको छ। स्वास्थ्य नीति २०१९ ले यस समस्यालाई जनस्वास्थ्य चुनौतीका रूपमा सम्बोधन गरे पनि कार्यान्वयन कमजोर भएको विज्ञहरूको निष्कर्ष छ। विज्ञहरू भन्छन्,'एन्टिबायोटिक बचाउनु भनेको भविष्यको स्वास्थ्य बचाउनु हो।' त्यसैले चिकित्सक, औषधि व्यवसायी, उपभोक्ता र नीति निर्माताले मिलेर मात्र यो मौन महामारी रोक्न सक्ने चेतावनी उनीहरूको छ।

# आदिनाथको मन्दिरमा मेला भर्न दुई लाख भक्तजन सहभागी



**काठमाडौं/मस-** काठमाडौंको दक्षिण भेगस्थित आदिनाथको मन्दिरमा एक महिनासम्म सञ्चालित मेलामा करिब दुई लाख भक्तजनले सहभागिता जनाएका छन्। आश्विन शुक्ल पूर्णिमादेखि सुरु भएको उक्त मेलामा मन्दिरमा दर्शनका लागि काठमाडौं उपत्यका तथा आसपास क्षेत्रबाट भक्तजन सहभागी भएका हुन्। मन्दिरमा शिव र पार्वतीको संयुक्त आकार प्रतिविम्बित मूर्ति राखिएकाले आदिनाथ भनिन्छ।

हिन्दू तथा बौद्ध अनुयायीको साझा संस्कृतिका रुपमा रहेको आदिनाथलाई हिन्दू धर्मावलम्बीले शिव शक्तिका प्रतीकका रूपमा देवतालाई सम्मान तथा पूजा गर्ने चलन छ। बौद्ध अनुयायीले लोकेश्वर तथा करुणाका प्रतिकका रुपमा पूजाआजा गर्ने चलन छ। दुवै धर्मका भक्तजनको सम्बन्ध पाइने उक्त मन्दिरलाई अर्धनारेश्वरसमेत भनिन्छ। यो एक महिनाको अवधिमा मन्दिरमा दर्शन गर्दा रोगव्याधी तथा छालासम्बन्धी रोग नलाग्ने किंवदन्ती पनि पाइन्छ। भय, रोग र विघ्नबाट मुक्त भई परिवारमा सुख तथा समृद्धि प्राप्त हुने विश्वास गरिन्छ।

सोही अवधिमा लोकेश्वरको ध्यान गरेमा लामो आयु प्राप्त हुने, अकालमा मृत्यु नहुने, धनसम्पत्ति प्राप्त हुने बौद्धमार्गीहरुको विश्वास छ। मन्दिरमा दर्शन तथा पूजाआजा गरेमा आर्थिक समृद्धि प्राप्त हुने विश्वासका साथ भक्तजनले दर्शन गरेको पूजारी सरोज शाक्यले जानकारी दिनुभयो। भक्तजनले विभिन्न बाजागाजासहित मन्दिरमा आएर भजनकीर्तन तथा पूजा गर्ने प्रचलन छ।

लिच्छवीकालीन राजा अंशुवर्माले स्थापना गरेको ऐतिहासिक र पुरातात्विक महत्वको मन्दिरमा विभिन्न भाँडाकुँडा तथा गरगहना चढाउने गरेको पाइन्छ। काठमाडौंबाट करिब नौ किलोमिटर दक्षिणतर्फ अवस्थित उक्त स्थलबाट विभिन्न हिमशृंखला तथा काठमाडौं उपत्यकाको मनोरम दृश्य देख्न सकिन्छ।

# हुम्लाको डाँडाफयामा भालुको आतंक

**हुम्ला/मस-** यतिबेला हुम्लाको सिमकोट सिमकोट गाउँपालिका-७, डाँडाफया गाउँमा भालुले आतंक मच्चाएको छ।



डाँडाफया गाउँका स्थानीयको घरआँगनमै भालु पसेर मौरीघारदेखि भेडाबाखा खोरसम्म तोडफोड गर्न थालेको छ। गाउँमा यतिबेला भालु पसेर मौरीघारमा तोडफोड गरी मह खाएर नोक्सानी गर्ने गरेको स्थानीय मन्दिर सिंहले बताए।

यो महिना मह निकाल्ने मुख्य सिजन चलिरहेका बेला भालुले मौरीघार नष्ट गरेपछि किसानहरू चिन्तित भएको सिंहले बताए। मौरीको मह बिक्री गरेर घरखर्च चलाउने योजना बनाएका किसानहरू अहिले आर्थिक नोक्सानीमा परेको उनको भनाइ छ। स्थानीय मौरीपालक देवी शाहीका दुई वटा, धनबहादुर शाही (सार्की) का तीन वटा र जंगसुर शाहीका तीन वटा गरी आठ वटा मह निकाल्ले तयारीका मौरीघारमा भालुले क्षति गरेको छ।

सिंहका अनुसार देवी शाहीको घरमा रहेको कुकुर समेत भालुले मारेको छ। अहिले मौरीको घारमा भालुले क्षति गरेको छ। भालुलाई नियन्त्रण नगरेमा गाउँमा पशु चौपायदेखि मानवीय क्षतिसम्म हुनसक्ने भएकाले भालुलाई नियन्त्रण गर्ने उपाय निकाल्न स्थानीयले आग्रह गरेको सिंहले जानकारी दिए।

भालु नियन्त्रणमा नलिए जनधनको क्षति हुनसक्ने भन्दै गाउँका सबैलाई सावधानी अपनाउन र बस्ती नजिकको जंगलमा नजान आग्रह गरिएको छ।

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्युठान जिल्लाको झिमरुक गाउँपालिका क्षेत्रमा पर्ने झिमरुक नदी र गर्तङ खोला क्षेत्रबाट ढुंगा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनतयारीको सिलसिलामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/०९)

लुम्बिनी प्रदेश, प्युठान जिल्ला, झिमरुक गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, योजना शाखाद्वारा निम्न बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | योजना शाखा, गाउँ कार्यापालिकाको कार्यालय, झिमरुक गाउँपालिका, भ्यागुते, प्युठान फोन नं: ९७७-९८५७८३६००५, ईमेलः info@jhimrukmun.gov.np |
| प्रस्तावको व्याहोरा | झिमरुक गाउँपालिका क्षेत्रमा पर्ने झिमरुक नदी र गर्तङ खोला क्षेत्रबाट दैनिक १०० घनमिटर भन्दा बढि ३०० घनमिटर सम्म ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/ संकलन तथा विक्री गर्ने योजना रहेको छ। |
| प्रभाव पर्ने जिल्ला / न.पा./ वडा | प्युठान जिल्ला, झिमरुक गाउँपालिका(वडा नं. १, ३, ५, ६, ७, ८ ) |

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (५) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम माथि उल्लेखित प्रस्तावको कार्यान्वयनबाट आयोजना क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा पर्न सक्ने प्रभावहरुको बारेमा सरोकारवाला व्यक्ति र संघ/ संस्थाहरूसंग सामुहिक छलफल तथा अन्तरक्रिया गरी राय सुझाव संकलन गर्नुपर्ने कानूनी प्रवाधान अनुसार निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा सम्पूर्ण सरोकारवाला संघ-संस्था र व्यक्तिहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२/०७/१४ गते, शुक्रबार | बिहान ९ बजे | झिमरुक गाउँपालिका -०१, सौतामारेफेदी |
| २०८२/०७/१४ गते, शुक्रबार | दिउसो ३ बजे | झिमरुक गाउँपालिका -०५ मच्छी |

मध्यान्ह
www.madhyanhadaily.com



सम्पादकीय

## बन्द उद्योग खुलाऊ

जेनजी आन्दोलनपछिको विध्वंसमा क्षति पुगेको पाँचतारे होटल ह्यात अनिश्चितकालका लागि बन्द भएकोप्रति प्रधानमन्त्री सुशीला कार्कीले चासो देखाएकी छिन्। अर्थमन्त्री रामेश्वर खनालले होटल व्यवस्थापकलाई भेटेर बन्द होटल खुलाउन आग्रह गरेका छन्। सरकारले होटललाई सुरक्षा दिने प्रतिबद्धतासहित निर्धक्क भएर संचालन गर्न भनेका छन्। प्रधानमन्त्री र अर्थमन्त्रीले बन्द होटल संचालनमा ल्याउन प्रयत्न गरिरहेकैबेला ऊर्जामन्त्री कुलमान घिसिङको निर्देशनमा २४ उद्योगहरू बन्द गराइएका छन्। झण्डै नौ वर्ष पुरानो डेडिकेटेड र ट्रंक लाइन महशुल विवादमा ती उद्योगको विद्युत लाइन काटिएका छन्। २४ भदौंको विध्वंसमा अराजक समूहबाट होटल, उद्योग व्यवसाय र व्यवसायीका घरलाई तारो बनाइएपछि निजी क्षेत्रले असुरक्षा महशुस गरिरहेकै बेला राज्य पनि अनुदार बनेको हो। यसले निजी क्षेत्र दोहोरो मारमा परेको व्यवसायीहरूको गुनासो छ।

पछिल्लो आन्दोलन र लगत्तै भड्किएको हिंसाले त्यसै पनि चौतर्फी असुरक्षाको स्थिति छ। डेढ महिनासम्म शान्तिसुरक्षाको अवस्था सामान्य बन्न सकेको छैन। त्यसको ठूलो धक्का अर्थतन्त्रमा परेको छ। यहीबेला विद्युत प्राधिकरण र उद्योगीबीचको बर्षौ पुरानो विवादमा एकाएक विद्युत लाइन काटेर उद्योगहरू बन्द गराइएको छ। अघिल्लो केपी शर्मा ओली सरकारले यही विवादका कारण घिसिङलाई प्राधिकरणको प्रमुख कार्यकारीबाट बर्खास्त गरेको थियो। जेनजी आन्दोलनपछि एकाएक मन्त्री बनेका उनै घिसिङले बदलाकै शैलीमा पुनः विद्युत लाइन काटिदिएका छन्। चर्चित यो विवादमा डेडिकेटेड र ट्रंक लाइनको मापदण्ड अनुरूप बिजुली नै उपयोग नगरेको व्यवसायीहरूको दाबी छ। उद्योग चल्न दिएरै व्यवसायीसँग उठाउनुपर्ने बक्यौता उठाउने उपाय निकाल्नुपर्छ। यसअघि प्राधिकरणले २३ उद्योगको लाइन २२ दिन काट्दा उद्योग क्षेत्रले १२ अर्ब रूपैयाँभन्दा बढी क्षति बेहोरेको थियो। उद्योग बन्द हुनुको क्षति व्यवसायीलाई मात्र हुने हैन, त्यहाँ काम गर्ने श्रमिकले काम र सरकारले राजश्व पनि गुमाउनु हो। त्यतिबेला सरकारले झण्डै ३ अर्ब रूपैयाँ राजस्व गुमाएको थियो।

प्राधिकरणले टीओडी मिटर लगायत बिल उपलब्ध गराए बक्यौता तिर्न तयार रहेको बताउँदै कानुनी उपचारका लागि अदालत पनि धाइरहेका छन्। यस्तोमा प्रशासनिक पुनरावलोकनमार्फत बक्यौता उठाउने वा त्यसो नभए अदालतमा मुद्दा गएपछि अदालतको निर्णय पर्खिनसक्ने ठाउँ थियो। तर, आन्दोलनपछि अर्थतन्त्र सुस्ताएको र व्यवसायीको मनोबल खस्किएको बेला गरिएको विद्युत लाइन काट्ने निर्णय समय र परिस्थितिका दृष्टिले सही छैन। अतः यो विवादको निरूपण प्रशासनिक पुनरावलोकन वा अदालतलाई नै छाडेर उद्योगका लाइन जोड्नु बुद्धिमत्तापूर्ण निर्णय हुनेछ।

# हामी सुध्रिनुको विकल्प छैन

अग्रलेख



● एकबहादुर क्षेत्री

हामी डाक्टर, इन्जिनियर, लेखा परीक्षक, वकिल, पत्रकार तथा मूलधारका नेताहरू देशका लागि लाइसेन्सधारी भयौं। हामीले जस्तो खोज्यौं, त्यस्तै सत्ता र नेतृत्व बनाउने अवस्था बनायौं। इतिहासमा हामीले राणाहरूको १०४ वर्षे जहानियाँ शासन अन्त्य गरेर प्रजातन्त्र स्थापना गर्‍यौं। तर, भ्रष्टाचार र अत्याचारविरुद्ध लड्नेहरू हामी आफैंबिच लुछाचुँडी गरी बहुमतको सरकारलाई टिक्न दिएनौं। २०१७ साल पौष १ गते राजा महेन्द्र शाहले गरेको 'कु', हाम्रै कारण हो।

३० वर्षपछि हामीले फेरि पञ्चायती शासनलाई फाल्यौं। २०४६ सालमा जनआन्दोलनमार्फत हामीले नै बहुदलीय व्यवस्था पुनर्स्थापना गरेका थियौं। तर, हाम्रै हातमा व्यवस्था आएपनि जनअपेक्षाअनुसार काम गरेनौं। बरु भ्रष्टाचार र अत्याचारलाई मलजल गर्‍यौं।

हाम्रै कारण विकास भएको भ्रष्टाचार र अत्याचारलाई सहन नसकी २०५२ सालमा राजा फाल्ने भन्दै जनयुद्ध सुरु गर्ने/नगर्नेमा विभाजित हुँदै १७ हजार नागरिकको ज्यान गयो र राजा फालिए। यसको दोषी गोली हान्ने जो कोही भए पनि खास जिम्मेवार हामी सबै नै हौं।

कोही भ्रष्टाचारमा रमायौं, कोही भ्रष्टाचार गर्ने/नगर्ने भन्दै बिदेसियौं, गुलामी गर्‍यौं, जीविका चलाउन पर्‍यो भन्दै गर्दै गयौं। आफूले गरेको शुद्ध, अरूले गरेको भ्रष्टाचार भन्दै एक-दुई जनाको विरोध पनि गर्‍यौं। चुनावमा टिकट लिन मोटो रकम पनि लियौं-दियौं; देश विकासभन्दा लुटमा लाग्यौं। सिंहदरबारको सरकार गाउँ-गाउँमा पुग्दा भ्रष्टाचार, अत्याचार, विकास भन्दै दर्जनौं किसिमका अपराध लिएर मुख बनाउँदै वडा स्तरसम्म पुग्यौं।

त्यसैले अनेक कारणले २०८२ भाद्र २३ गते जेनजीको आन्दोलन भयो। हामीले पहिलो दिनमै १९ जना स्कुल ड्रेसधारीको अमूल्य जीवन सिध्यायौं। यसमा मुख्य देखिने गरी तत्कालीन सरकार जिम्मेवार भए पनि हामी डाक्टर, इन्जिनियर, लेखा परीक्षक, वकिल, पत्रकारहरू तथा राजनीतिक दलका नेता-सदस्यहरूको एकल र संयुक्त जिम्मेवारी छ।

२०४६ र २०६२ का आन्दोलन गर्‍यौं, भोग्यौं तर हामीले गरेको काम-कुरा 'डोको बोकी ठिमी तिर' भएको कारण २०८२ भदौ २३ मा हाम्रै नाति-नातिनीहरू, बाजेहरूको विरुद्धमा जेनजी आन्दोलन भयो। हामीले नै नरसंहार गर्‍यौं र हामीहरू कुकृत्य गर्नेमा प्रमाणित भयौं।

२०४६ र २०६२ पछि पनि दूधको दूध, पानीको पानी गरेनौं, चुप लागेर बस्यौं, मतदान मात्रै गरिरह्यौं। हामीले ठूला-सानो परिवार देख्यौं-देखेनौं, त्यो त अन्ध कानुन अगाडि हामी निरीह बन्नु बाहेक केही उपाय रहेन भनी चुप लागेर बस्यौं। यदि अब पनि हामी सच्चिन खोजेनौं भने मुलुक सही बाटोमा हिंड्नेछैन। यसैगरी देश र नागरिकले दुःख पाइरहने अवस्था बन्नेछ। जसका लागि सबै खालका लाइसेन्सधारी सच्चिनुपर्छ।

अब सरकारमा आउने माध्यम दल नै हो; दललाई मजबुत र प्रजातान्त्रिक बनाऔं। नाम, काम र एजेन्डा मिल्ने दलहरूलाई एक ठाउँमा हुन बाध्य पारौं। जसले संविधान बचाए जस्तै : ठूला दलहरूमा जेनजी पुस्ता पनि अटोस् र अर्को दल नबनाओस्। दलका वडास्तरदेखि केन्द्रसम्मका पदाधिकारीले आगामी ५-१० वर्षसम्म कुनै पनि पद नलिऔं, कुनै निर्वाचनमा भाग नलिऔं भन्ने कुराको प्रतिबद्धता गरौं।



जेनजी आन्दोलनपछि हामीले संघीय संसद् विघटन गर्‍यौं, अन्तरिम सरकार बनायौं, अब एकसाथ चुनावको लागि सहजीकरण गरौं। हाम्रा पदाधिकारीहरूको छानबिन गरौं, जसले गर्दा यो कुरा भोग्न नपरोस्। अन्तरिम सरकार र निर्वाचित सरकार कानुनअनुसार आपसमा सहयोगी बनुन्।

नो-भोट, प्राइमरी चुनाव, गोप्य मतदान र बहुमत निर्णयअनुसार गर्ने गरौं। राजाको पुनर्स्थापनाबारे सर्वदलीय बैठक बसाएर राजाको शासन फाल्नको लागि एक प्रस्ताव गरेर पहिलो संसदले गणतन्त्र घोषणा गरे जस्तै अब सहमति गरेर संघीय सांसदहरूको संख्या आधा बनाऔं। ७ वटा प्रदेशको कुल सांसद पनि आधाले घटाऔं। ७५३ स्थानीय सरकारहरूलाई पनि आधामा घटाऔं। सबै नयाँ प्रतिनिधिहरूबाट नयाँ ढंगबाट देश सञ्चालन गर्ने परिपाटी बनाऔं।

डाक्टर, इन्जिनियर, लेखा परीक्षक, वकिल, पत्रकारहरू लाइसेन्सधारी लाइसेन्स लिएर वा नलिएर सरकारी जागिर गर्नेले एक पटकको लागि ८ वर्ष चाँडो अवकाश लिएर नयाँको लागि पद खाली र दरबन्दी कटौती गरौं। असफल पुरानो मनोवृत्तिलाई निखार्ने अवस्था बनाऔं। चाँडै अवकाश पाउनेले निवृत्ति पाएपछि उमेर पुगेका बेलादेखि पाउने व्यवस्था गराऔं। सरकारले अर्को पेसा अपनाउनेलाई विशेष पुनर्स्थापना ऋण योजना ल्याओस्।

संस्थागत लाइसेन्सधारीहरू नै राजनीतिमा सहभागी भएर देशको स्थिति बिगारेको कुरामा नकार्ने ठाउँ छैन। त्यसकारण पेसागत संस्था पेसाको आधारमा एउटै हुनु र सबै विचारको कदर हुने गरी पुनर्गठन र निर्वाचन गरौं। डाक्टरको मेडिकल परिषद् होस् वा मेडिकल संघ, इन्जिनियर परिषद् होस् वा इन्जिनियर संघ, चार्टर्ड एकाउन्टेन्ट परिषद् वा चार्टर्ड

> *हामी सबैको कारणले जेनजी आन्दोलन निम्त्यायौं। अब आफैं सुध्रौं, जेनजीले खोजे जस्तै व्यवस्था बनाउन लागौं। यदि अझै पनि हामी सुध्रेनौ भने हामी सबै नयाँ पुस्ताबाट घृणित हुने छौं। बदनामी हुनेछौं। फेरि अर्को क्षति व्यहोर्नेछौं।*

एकाउन्टेन्ट संघ, अधिवक्ता परिषद् वा संघ तथा सम्पूर्ण संघ-संस्थाका पदाधिकारीहरूले नैतिकताको आधारमा राजीनामा गरौं। यसरी सरकारी कर्मचारी, प्रहरी, सैनिक, शिक्षक, न्यायाधीश, आयुक्त, बैंकर आदिका पद खाली गरेर खाली भएका आधा दरबन्दी नै खारेज गरी आधामा नयाँलाई मौका दिने र अर्ली अवकाश प्राप्त गरेकालाई विशेष पुनर्स्थापना ऋण योजनाबाट रोजगार दिने तिर धकेल्नुपर्ने छ। यसले स्वदेशभित्र थप रोजगार सिर्जना गर्नेछ र केहीलाई बिदेसिनबाट रोक्नेछ।

वार्षिक सम्पत्तिको लेखाजोखा गरी आय लुकाउन सजिलो नहुने व्यवस्था गरिनु अनिवार्य छ। तर, हामीले अनेकन छेडखानी गर्दै त्यस्तो व्यवस्था लागु गर्न दिएनौं। १८ वर्षसम्म दुई दर्जनभन्दा बढी वार्षिक बजेट हुँदा एक दर्जन अर्थ सचिव र अर्थ मन्त्री फेरिए पनि तमाम आर्थिक घोटाला हुँदा पारदर्शिता नहुने गरी भ्रष्टाचार र अत्याचारमा रमाउने अवस्था बनायौं। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले खारेज गरेर घर-जग्गा सम्पत्ति कर ऐन बनाएपछि अहिले झन् आर्थिक कारोबारको पारदर्शिताको दोहन भइरहेको छ। २०८२ को आन्दोलनको् कारण भ्रष्टाचार र कुशासन हो। सम्पत्ति कर ऐन लागू नगर्नुको कारण नै हो; पंक्तिकारको पनि कमजोरी कारक हो, जिम्मेवारी लिँदै छ। यस्तै, अन्य डाक्टर, इन्जिनियर, लेखा परीक्षक, वकिल, पत्रकारहरू लाइसेन्सधारीले पनि गरेका छन्।

हामी सबैको कारणले जेनजी आन्दोलन निम्त्यायौं। अब आफैं सुध्रौं, जेनजीले खोजे जस्तै व्यवस्था बनाउन लागौं। यदि अझै पनि हामी सुध्रेनौ भने हामी सबै नयाँ पुस्ताबाट घृणित हुने छौं। बदनामी हुनेछौं। फेरि अर्को क्षति व्यहोर्नेछौं। त्यसकारण अब प्रण गर्नैपर्छ, हामी सबै सुध्रिनुपर्छ। मुलुकलाई सही दिशातर्फ लैजान इमानदार ऐक्यबद्धता गर्नैपर्छ।

## इतिहासमा आज

२६ अक्टोबर २०१२ मा माइक्रोसफ्टले विन्डोज ८ को सार्वजनिक गरेको थियो। जसले भिस्टा, एक्सी र विन्डोज ७ लाई विस्थापित गराएको थियो।





२६ अक्टोबर १९७९ मा दक्षिण कोरियाका राष्ट्रपति पार्क चुङ हीको कोरियाली सीआईए प्रमुख किम जे-ग्युद्वारा हत्या भएको थियो।



२६ अक्टोबर १९८५ मा अष्ट्रेलियाली सरकारले उलुरुको स्वामित्व स्थानीय पिटजान्टजाटाजारा आदिवासीहरूलाई फिर्ता गरेको थियो।



२६ अक्टोबर १९८९ मा चाइना एयरलाइन्सको उडान २०४ ताइवानको हुआलियन विमानस्थलबाट उडान भरेपछि दुर्घटनाग्रस्त भएको थियो। जसमा सवार सबै ५४ जनाको मृत्यु भएको थियो।



# जेनजी आन्दोलन र कांग्रेसको रोडम्याप

विचार



● रामगोपाल न्यौपाने

> *हिजोको कांग्रेसले देशलाई लोकतन्त्र दियो, आजको कांग्रेसले युवालाई आशा दिनुपर्छ। कांग्रेसजन सबै मिलेर यदि सम्मान, सहकार्य र परिणाममुखी सोचका साथ अघि बढ्यो भने कांग्रेस पुनः देशको विश्वासिलो शक्ति र भविष्यको आधार बन्नेछ।*

संगठनको शक्ति एकतामा हुन्छ। नेपाली कांग्रेसका सिपाहीहरू जब सकारात्मक सोच, सहकार्य र सम्मानको संस्कृतिसँग अघि बढ्छन् तब मात्रै संगठन बलियो हुन्छ। जुन संगठनले समाजमा अपेक्षाकृत भूमिका पनि खेल्न सक्छ। २०४६ को जनआन्दोलनदेखि आजको डिजिटल युगसम्म, नेपाली कांग्रेसले लोकतन्त्रको बाटोमा नेतृत्व गरेको छ। अब नयाँ पुस्ता जेनजीले त्यस यात्रामा नयाँ सोच, प्रविधि र जनमूलक दृष्टिकोण ल्याएको छ।

पुराना नेताहरू अनुभव, मार्गदर्शन र स्थायित्वका प्रतीक हुन्, यदि पार्टीले उनीहरूलाई उचित सम्मान र पदीय भूमिकामा राखेर सल्लाह, मार्गदर्शन र सहकार्यको वातावरण सिर्जना गर्न सक्यो भने हिजोको कांग्रेसको सकारात्मक सोच आज पनि निरन्तर रहन्छ। भनिन्छ- नेतृत्वको निरन्तरता र पुस्ताको समन्वय नै संगठनको बल हो। व्यक्ति नहुन सक्छ तर नेपाली कांग्रेस रहिरहन्छ, किनकि कांग्रेस विचार, मूल्य र जनसेवाको धरोहर हो।

जेनजी पुस्ता (वि.सं. २०५५ पछि जन्मिएका युवा) अब केवल दर्शक होइन, परिवर्तनका चालक हुन्। तिनीहरूको सोच पारदर्शी, परिणाममुखी र राष्ट्रिय आत्मनिर्भरता केन्द्रित छ। त्यसैले कांग्रेसका लागि यो पुस्ता 'सकारात्मक चुनौती' हो। उनीहरू दलको सोचभन्दा माथि उठेर देश, इमान र नतिजा खोज्छन्। जेनजीबाट कांग्रेसले सिक्नुपर्ने तीन कुरा छन् - प्रविधिमैत्री पारदर्शिता, डिजिटल प्लेटफर्ममार्फत जनतासँग सीधा संवाद, कामको परिणाममा आधारित राजनीति र स्वतन्त्र सोच, सहिष्णुता र सामाजिक न्यायप्रति प्रतिबद्धता। जेनजीले कांग्रेसलाई आलोचना होइन, पुनर्जागरणको अवसर दिएको छ।

देशमा राजनीतिक अस्थिरता, अविश्वास र युवा निराशा बढ्दै गएको छ। तर, यो नै कांग्रेसका लागि नयाँ अवसर पनि हो। यदि पार्टीले आफ्ना पुराना कमजोरी आत्मसमीक्षा गरेर नयाँ पुस्तासँग सहकार्य गर्न सक्यो भने, फेरि कांग्रेस नै राष्ट्रिय नेतृत्वको केन्द्र बन्न सक्छ। यद्यपि, कांग्रेस कस्तो हुने भन्ने कुरा कांग्रेसको रणनीतिक रोडम्याप (आगामी बाटो)मात्रै तय गर्नसक्छ। जसबारे संक्षिप्तमा चर्चा गरिएको छ।

संगठनात्मक एकता र सुधार गुट-उपगुट अन्त्य गरी साझा नीति र निर्णयमा कार्यान्वयन सुनिश्चितता, सबै तहका समितिहरूमा युवाको न्यूनतम ४० प्रतिशत सहभागिता अनिवार्य छ। संगठन-नीति-कार्यक्रम लाई जनस्तरसम्म पुर्‍याउने डिजिटल संवाद संयन्त्र सञ्चालन गर्नुपर्छ। यसैगरी, युवालाई कृषि, उद्यम र प्रविधिको लगानीका अवसर दिँदै शिक्षा र स्वास्थ्यमा समान पहुँचको नीति अबलम्बन गरिनुपर्छ। सार्वजनिक-निजी साझेदारीको नयाँ मोडेल, भ्रष्टाचारविरुद्ध शून्य सहिष्णुता नीति आवश्यक छ। वातावरणीय रूपान्तरण र हरित अर्थतन्त्रमार्फत युवाहरूलाई जोड्नुपर्छ।

पुराना नेताको अनुभव र नयाँ पुस्ताको नेतृत्व संयोजन, पूर्व नेताहरू सल्लाहकार परिषद् मार्फत नीति निर्देशनमा रहने परिपाटी अपनाउनुपर्छ। सामाजिक र जन स्तरीय पहल, स्थानीय तहमा नागरिक सहभागितामूलक विकास योजना, समुदायमा आधारित सामाजिक सेवा अभियान (रक्तदान, वृक्षारोपण, सरसफाइ, सहकारी सशक्तीकरण) चलाइनुपर्छ।

भनिन्छ, एकता हाम्रो शक्ति हो, सम्मान हाम्रो संस्कार हो। पुराना नेताको अनुभव दिशा हो, नयाँ पुस्ताको जोश गति हो। जेनजीले प्रश्न त गर्छ, तर उत्तर पनि खोज्छ- कांग्रेसले त्यो उत्तर दिनुपर्छ। जब कांग्रेस सकारात्मक सोच र सहयोगी मनले अघि बढ्छ- संगठन कमजोर हुँदैन, अझ बलियो हुन्छ।

हिजोको कांग्रेसले देशलाई लोकतन्त्र दियो, आजको कांग्रेसले युवालाई आशा दिनुपर्छ। कांग्रेसजन सबै मिलेर यदि सम्मान, सहकार्य र परिणाममुखी सोचका साथ अघि बढ्यो भने कांग्रेस पुनः देशको विश्वासिलो शक्ति र भविष्यको आधार बन्नेछ। व्यक्ति नहुन सक्छौं, तर कांग्रेस रहन्छ; कांग्रेस रहिरहन्छ, जबसम्म कांग्रेसजनले एकताको संस्कारलाई जीवित राख्नेछन्।

***(लेखक न्यौपाने, नेपाल किसान महासंघ पूर्व केन्द्रीय सदस्य हुन्।)***

## सामाजिक सञ्जाल



**सूर्यराज आचार्य**

सक्रिय राजनीतिमा सहभागी हुन नचाहने तर आफ्ना राजनीतिक मान्यता वा स्वार्थका लागि एजेन्डा सेटिङ र निर्णयमा राज्य संयन्त्रलाई दबाब दिने तथा शक्ति केन्द्रमा भनसुन गर्ने व्यक्ति/समूहको अधिक क्रियाशीलताले राजनीतिलाई सुधार्ने हैन, बिगार्ने काम गर्दछ।



**डम्बर खतिवडा**

नागरिकतन्त्रको विश्वास नागरिक सार्वभौमसत्ता अहस्तान्तरणीय हुने र नागरिक सर्वोच्चता हो। लोकतन्त्रको आधारभूत मान्यता 'वास्तविक बहुमतको शासन' हो। तसर्थ, नागरिकतन्त्रको मान्यतामा प्रत्यक्ष निर्वाचित राष्ट्रपति नै हुनुपर्दछ, त्यो पनि ५० प्रतिशत बढी मत ल्याएको।



**तारानाथ दाहाल**

'माओवादी पार्टीले माओवाद छाड्ने, आफूलाई समाजवादी पार्टी बनाउने', यो नै, नेपाल सम्वतको नयाँ वर्षको लागि नेपालले पाएको ठूलो उपहार हो। नाममा कम्युनिस्ट पार्टी पनि नराखे हुन्थ्यो। नेमकिपा पनि त चलेकै छ। 'प्रगतिशील समावेशी समाजवादी' पार्टीका रूपमा अगाडि बढाए प्रचण्डको जय हुनेछ।



**मधुरमण आचार्य**

सबै किसिमका नेता, बिद्वान, साहित्यकार, कलाकार, सेलिब्रिटी, वैज्ञानिक, धनाढ्य, सफल र प्रसिद्ध व्यक्तिहरूमा एक किसिमको 'क्रेजीनेस' हुन्छ। नत्र ती त्यस ठाउँमा पुग्न सक्दैनन्। तर, त्यो कहाँ पुगेर कसरी बाहिर आउँछ भन्न सकिन्न। मौकामा र चाहिने कुरामा निस्किए त ठिकै हो। नत्र चौपट हुन्छ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ। - सं.

# प्रकृति संरक्षणमा नौ हजार सेना परिचालन



**काठमाडौं/मस**–नेपाली सेनाले १२ वटा राष्ट्रिय निकुञ्जसहित एक वन्यजन्तु अरक्षण र एक शिकार आरक्षमा जनशक्ति परिचालन गरेको छ ।

नेपाल सरकारद्वारा घोषित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र चुरे क्षेत्र संरक्षणमा सेनाका नौ हजार ४६ जना जनशक्ति खटिदैआएको युद्धकार्य निर्देशक मनोज थापाले जानकारी दिए ।

नेपाली सेनाका आठ वटा गण, दुईवटा वन तथा पर्यावरण सुरक्षा गण र सातवटा अनाश्रित गुल्मलाई संरक्षणको जिम्मेवारी तोकिएको छ । चालु आर्थिक वर्षमा विभिन्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षणबाट ४२ नाल विभिन्न हतियार, एक हजार ९ सय ७६ जाल पासो, एक हजार ९ सय ६५ घरेलु औजार ३ सय ३५ वटा सवारीसाधन र १६ वटा ओखोटोपहार बरामद गरेको उनले जानकारी दिए ।

नेपाली सेनाबाट भएको सुदृढ सुरक्षा तथा संरक्षण कार्यबाट पछिल्लो १५ बर्षयताक बाघ तथा गैडाको संख्यामा उल्लेखनीय वृद्धि भएका छ ।

पछिल्लो गणनाअनुसार नेपालमा बाघको संख्या ३ सय ५५ रहेको तथा गैंडाको संख्या ७ सय ५२ रहेको छ । यसअघि २००९ मा भएको जनगणनामा बाघको संख्या १ सय २१ र २००५ को गणनामा गैंडाको संख्या ४ सय रहेको थियो ।

ती उपलब्धी हासिल गर्ने क्रममा वन्यजन्तुको आक्रमण र अन्य कारणबाट १ सय १६ जना सैनिक व्यक्तिले आफनो जीवन गुमाएको सेनाले जनाएको छ । चालु आवमा मात्रै त्यस्ता जंगली जनावरको आक्रमणमा परी पाँच जना सकलदर्जा घाइते भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । नेपाली सेनाले नेपालका सुन्दर हिमालको सौन्दर्य कायम राख्न पछिल्लो दशकमा वार्षिकरुपमा हिमाल सफाइ अभियान समेत सञ्चालन गर्दै आएको छ ।

# विमानस्थलबाट सात किलो गाँजासहित तीन भारतीय नागरिक पक्राउ




**काठमाडौं/मस**–सात किलो गाँजासहित त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल भन्सार एरियाबाट प्रहरीले तीन भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा २५ वर्षीय हर गोविन्द सिंह, १९ वर्षीय समीर र २७ वर्षीय फिरोज अहमद सम्पद छन् । अवैध लागुऔषध गाँजाजस्तो देखिने वस्तु सात किलो २ सय ९५ ग्रामसहित शुक्रबार दिउँसो उनीहरूलाई पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरीका अनुसार हर गोविन्द र समीर एयर एसियाको उडानमार्फत थाइल्यान्डको बैंककबाट काठमाडौं आएका थिए । तीन किलो ६ सय ४० ग्राम 'गाँजा'सहित उनीहरू दुई जनालाई पक्राउ गरिएको हो । यस्तै, इन्डिगो एयरको उडानमार्फत मुम्बईबाट काठमाडौं आएका अहमद सम्पदलाई तीन किलो ६ सय ५५ ग्राम गाँजासहित फेला पारी पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

# लेक लागेर भरियाको मृत्यु



**मनाङ/मस**–मनाङ नार्पाभूमि गाउँपालिका-४ काङ्ला फेदीबाट पर्यटकको भारी बोकेर फर्कने क्रममा लेक लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा लमजुङको कोलोसोथर गाउँपालिका-४ का ४८ वर्षीय डिलबहादुर गुरुङ रहेका प्रहरीले जनाएको छ ।

लेक लागेर बिरामी भएका गुरुङको शनिबार हेलिकप्टरबाट उद्दार गरी उपचारको लागि पोखराको मणिपाल शिक्षण अस्पताल पठाइएकामा चिकित्सकले मृत घोषणा गरेको प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले जानकारी दिए ।

मृतकका भाई केशबहादुर गुरुङले घटनास्थलमा नै लेक लागेर मृत्यु भएको खबर गरे पनि अस्पताल पठाउँदा चिकित्सकले पनि मृत्यु भइसकेको जानकारी गराएको बताए ।

यस्तै, नार्पाभूमि-४ याकखर्कमा पर्यटकको भारी बोकी फर्कने क्रममा नुवाकोट किस्पाङ गाउँपालिका-११ का ४९ वर्षीय साम्बा घलेको शुक्रबार लेक लागेर घटनास्थलमा नै मृत्यु भएको थियो ।

# निजी र सरकारी सम्पत्ति जलाउनेलाई कारबाही हुन्छ : मुख्यमन्त्री आचार्य



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ कात्तिक

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जिल्लामा सरकारी र निजी सम्पत्तिमा आगो लगाउनेहरुको पहिचान भएकोले त्यस्ता व्यक्तिहरुलाई कानुनी दायरामा ल्याउन सुरक्षा अधिकारीलाई निर्देशन दिएका छन् ।

नेकपा एमाले अर्घाखाँची जिल्लाले शनिबार सदरमुकाम सन्धिखर्कमा आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा मुख्यमन्त्री आचार्यले संघीय सरकारले विकास रोक्का गर्दा चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेट कार्यान्वयनमा समस्या परेकोले प्रदेश सरकार गम्भीर बनेको बताए ।

सडक पूर्वाधार, शहरी विकास, खानेपानी लगायत जनतासँग प्रत्यक्ष जोडिएका आयोजनामा विनियोजित बजेट संघीय सरकारले रोक्का गरेकाले काम अघि बढ्न नसकेपनि प्रदेश सरकारले विकास निर्माणका कामहरु निरन्तर अगाडि बढाएको उनको भनाइ छ । आचार्यले भने,'संघीय सरकारले बजेट रोक्का गर्दा शहरी विकास, खानेपानी, सडकका कामहरू रोकिएका छन् । आज काम नगर्ने भनिएको छ । अर्घाखाँची जिल्लाको विकासको गति अहिलेको संघीय सरकारले कहाँ पुयाउँदैछ ?, देशको विकास के हुँदैछ ?, यो विषयमा जवाफदेहिता हुनुपर्छ कि पर्दैन ? यसको जिम्मेवारी आन्दोलन गर्नेले लिनु पर्दैन ?' मुख्यमन्त्रीले प्रश्न गरे ।

मुख्यमन्त्री आचार्यले प्रदेश सरकारको तर्फबाट अर्घाखाँची जिल्लामा धेरै कामहरू भइरहेको उल्लेख गर्दै आगामी दिनमा उपलब्ध साधन स्रोतको सदुपयोग गरी जनताको आकांक्षा पूरा गर्न आफूहरू प्रतिबद्ध रहेको बताए ।

मुख्यमन्त्री आचार्यले भने,'केही व्यक्तिहरूले सरकारी कार्यालयहरूमा पुगेर धम्कीपूर्ण व्यवहार देखाउने जस्ता अराजक गतिविधि गरिरहेका छन् । प्रशासन मुखदर्शक बनेको मैले पाएको छु । सरकारी कार्यालयमा समस्या भएमा सिडिओले कारबाही गर्ने हो । अब सरकारी कार्यालयमा यस्तो देख्न नपरोस्। म तपाईं सुरक्षा प्रमुखहरूलाई स्पष्ट निर्देशन दिन चाहन्छु ।'

उनले थपे, 'निश्चित व्यक्तिका समूहहरू आज कार्यालय-कार्यालय गएर कर्मचारीलाई तेजोवध गर्ने शैलीमा धम्क्याउने र थर्काउने काम भइरहेको छ । अबिलम्ब त्यसलाई रोक्न निर्देशन दिन चाहन्छु। यस्तो गर्न कसैलाई पनि छुट छैन । कर्मचारीको मनोबल घटाउने अधिकार कसैलाई पनि छैन। यो कार्य तुरुन्त रोकिनु आवश्यक छ ।'

आचार्यले आपसी भाइचारा र सम्बन्ध कायम राख्दै आएको सामाजिक सद्भावलाई अक्षुण राख्न सबै राजनीतिक दल, नागरिक समाज र संघसंस्थाका प्रतिनिधिलाई सहयोग गर्न आग्रह गरे ।

मुख्यमन्त्री आचार्यले कात्तिम १० गते एमाले अर्घाखाँचीले संविधान संरक्षण र लोकतन्त्रको सुदृढीकरणका लागि सद्भाव ऱ्यालीको आयोजना गर्न लागेको जानकारी दिँदै सो कार्यक्रममा सबैलाई सहभागी हुन आह्वान गरे ।

कार्यक्रम एमाले अर्घाखाँचीका अध्यक्ष पिताम्बर भुसालको अध्यक्षता तथा मुख्यमन्त्री एवम् पार्टीका केन्द्रीय सदस्य चेतनारायण आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री विष्णुप्रसाद खनाल (मुस्कान), नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य ठाकुरकुमार विक (किशोर), राष्ट्रिय जनमोर्चाका नेता शेरबहादुर विसी, प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्याल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

त्यस्तै कार्यक्रममा नेकपा एमालेका प्रदेश स्तरका नेताहरु प्रदेश सदस्य रामजी प्रसाद घिमिरे, नेत्र प्रसाद अधिकारी, नेपाली कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठ, नेकपा एमालेका केन्द्रीय सल्लाहकारहरु नरेन्द्रकुमार क्षेत्री, जनार्दन खनाल, जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोईराला, सन्धिखर्क नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठ, नेपाल निर्माण व्यवसायी संघका सहअध्यक्ष तथा एमालेका युवा नेता कबिराम खनाल, उद्योग वाणिज्य संघका अध्यक्ष प्रदीप मिश्र, एमाले युवानेताहरु सिद्धिप्रसाद भुसाल, सरोज भुसाल, लक्ष्मण पराजुली, नारायण बस्याल, पाणिनी गाउँपालिका अध्यक्ष टेकराज न्यौपाने, मालारानी गाउँपालिका अध्यक्ष दलबहादुर भट्टराई, भूमिकास्थान उप-प्रमुख बालकृष्ण बञ्जाडे तथा सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# 'सिलभर भोलिन्टियर कार्यक्रम' सुरु




**काठमाडौं/मस**-काठमाडौं महानगरपालिकाले ४५ वर्षमाथिका अनुभवी र परिपक्व नागरिकको ज्ञान, सीप र क्षमतालाई समाज र सहर विकासमा भरपुर उपयोग गर्ने मुख्य उद्देश्यले 'सिल्भर भोलिन्टियर कार्यक्रम' सुरु गरेको छ ।

कामपाले विभिन्न क्षेत्रमा लामो अनुभव हासिल गरेका नागरिकलाई अवकाशपश्चात् पनि समाज र देशको विकासमा योगदान दिने अवसर प्रदान गर्न यो कार्यक्रम ल्याइएको कामपा शहरी योजना आयोगका सचिवालय सदस्य विवेक बास्तोलाले जानकारी दिए ।

'सिलभर भोलिन्टियर कार्यक्रम' का सन्दर्भमा योजना आयोगका सचिवालय सदस्य विवेक बास्तोला भन्छन्, 'तपाईं ४५ वर्ष पूरा हुनुभएको छ रु जागिर वा व्यवसायबाट अवकाश लिनुभएको छ रु अवकाशपछि विश्रामभन्दा पनि समाजका लागि केही योगदान गर्ने सोच छ भने आउनुहोस् सँगसँगै महानगरको विकासमा हातेमालो गरौं ।' कार्यक्रममार्फत शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरण, प्रशासन, सहरी विकास, सम्पदा संरक्षणलगायतका क्षेत्रमा कामपासँग मिलेर काम गर्न सकिने जनाइएको छ । महानगरले 'कामपा-सिल्भर-भोलिन्टियर-कार्यविधि' बमोजिम आवेदन आह्वान गरेको हो । कार्यविधिमा उल्लेख भएअनुसार योग्यता पुगेका नागरिकले अनलाइन लिङ्कमार्फत आवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

उक्त कार्यक्रमका लागि कामपाले निम्नानुसारको समयसीमा निर्धारण गरेको छ । नेपाली नागरिक/गैर आवासीय नेपाली/प्रचलित कानुनबमोजिम स्वीकृति लिएका विदेशी नागरिक, जसको ४५ वर्ष पूरा भइ ७४ वर्ष ननाघेको छ ।

त्यस्तै कुनै क्षेत्रमा सरकारी, निजी वा गैर सरकारी संस्थामा कम्तीमा २० वर्ष काम गरी विषयगत दक्षता हासिल गरेको रहनुपर्ने कामपाको भनाइ रहेको छ । एक वर्ष अवधिका लागि हप्ताको न्यूनतम पाँच घण्टा सेवा दिन तयार हुनुपर्ने, शारीरिक र मानसिक रूपमा काम गर्न सक्षम रहेको हुनुपर्ने, पूर्णरूपमा स्वयंसेवा गर्न इच्छुक रहेको, समितिले तोकेको कामपाभित्रका क्षेत्रमा गई काम गर्न तयार रहनुपर्ने छ ।

त्यसैगरी आफूले पाएको जिम्मेवारी इमान्दारीपूर्वक गर्ने तथा प्रतिफल निकाल्न क्षमता रहनुपर्ने, कुनै पनि फौजदारी अभियोगमा कसुरदार नठहरिएको, प्रचलित कानुनबमोजिम अयोग्य नठहरिएको, समितिले तोकेका अन्य योग्यता पूरा भएको महानगरका अनुसार, यस कार्यक्रमले एकातिर परिपक्व नागरिकको अनुभवलाई देश निर्माणमा उपयोग गर्न सहयोग गर्नेछ भने अर्कातिर अनुभवी नागरिकलाई समाजसेवाको माध्यमबाट सन्तुष्टि र अवसर प्रदान गर्नेछ जनाएको छ ।

इच्छुक व्यक्तिलाई कार्यक्रमका बारेमा जानकारी आवश्यक परे ९८४८०१८२१५ मा सम्पर्क गर्न समेत कामपाले आग्रह गरेको छ ।

# जेनजी आन्दोलनका हत्यारा, भ्रष्टाचारी र षड्यन्त्रकारीलाई कारबाही नगर्नु दुर्भाग्यपूर्ण : प्रभु साह

**वीरगन्ज/मस**-आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले गृहमन्त्री ओमप्रकाश अर्यालको भूमिका शंकास्पद र विवादस्पद भएको भन्दै तत्काल राजीनामा मागेका छन् ।

जेनजी आन्दोलनमा युवाहरूको बलिदानीको जगमा बनेको सरकारले अहिलेसम्म युवाहरुलाई छाती र टाउकोमा ताकि-ताकि गोली हान्ने हत्याराहरू, भ्रष्टाचारी र षड्यन्त्रकारीलाई पक्राउ गर्न नसकेको भन्दै साहले गृहमन्त्री अर्यालको राजीनामा मागेका हुन् । गृहमन्त्री अर्यालले तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालिन गृहमन्त्री रमेश लेखकसहितका हत्याराहरूलाई पक्राउ गरी कानूनी कारबाहीमा ल्याउनको लागि कुनै पहलकदमी नलिएको साहको आक्रोश छ ।



शनिबार पर्साको पर्सागढीमा दिपावली, छठ पर्वको अवसरमा आयोजित शुभकामना कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'भदौ २३ गते युवाहरुमाथि नरसंहार गरियो, ती युवाको छाती र टाउकोमा ताकि ताकि गोली हानिएको छ, अहिलेसम्म हत्याराहरूलाई पक्राउ गर्न नसक्ने यो सरकारको अब काम छैन्, गृहमन्त्री नै लुरे परे ।' कुनैबेला एमालेको झोले कार्यकर्ता भएकै कारण अहिलेका गृहमन्त्रीले केपी ओलीजस्ता राक्षसी प्रवृत्ति भएको र युवाहरुको हत्या गर्नेलाई अहिलेसम्म कानूनी कारबाही गर्न नसकेको उनको आरोप छ ।

आजपा अध्यक्ष साहले भने,' यो सरकार बनेको आज यतिका दिन बितिसक्यो, तर युवाहरुको हत्यारालाई कारबाही गर्न सकेको छैन्, उल्टै हत्याराहरुको बलमा प्रहरी प्रशासनले आन्दोलनकारी युवाहरुमाथि छानि-छानि जाहेरी दर्ता गरिएको छ, बालेन शाह र सुदन गुरुङविरुद्धको एमालेका युवाहरुले दिएको जाहेरी किन दर्ता गरियो ? यो सरकारको गतिविधि आँफैमा शंकास्पद छ ।'

प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालहरुले जेन-जी पुस्ताको भावनामाथि गम्भीर खेलवाड गरेको साहको आरोप छ । जेनजी युवाका हत्यारा, भ्रष्टाचारी र षड्यन्त्रकारीहरूलाई सरकारले एउटै तराजुमा राखेर कारबाही नगरी मुद्दा मुतलबीमा राख्नु दुर्भाग्यपूर्ण भएको साहले बताए ।

जेन-जीहरूको आन्दोलन नै अहिलेको सरकारमा भएकाहरुले सुनियोजित तवरले अपहरण गरेको भन्दै अब यिनीहरुलाई कुर्सीमा बस्ने नैतिकतासमेत नभएको उनको दाबी छ । अहिलेको सरकार युवाहरुको हत्यामा प्रत्यक्ष संलग्न भएकाहरूको सेवामा खटिएको भन्दै युवाहरूको हत्यारालाई कारबाही नगरे जनता आँफैले अब कारबाही थाल्ने पनि उनले चेतावनी दिए ।

उनले यो सरकारको हुति र नैतिक बल नदेखेपछि एमाले अध्यक्ष केपी शर्मा ओलीले दिनदिनै दुत्कार्ने काम गरेको र बेला बेलामा टाउको उठाउन खोजेको आरोप लगाए । कारबाहीको दायरामा आउनुपर्नेहरूले नै यो सरकारलाई टेर्दिनँ र चुनावमा पनि भाग लिन्नँ भनेर दिनदिनै चूनौती दिनुले पनि यो सरकार कति शक्तिशाली छ भनेर प्रष्ट हुने उनको टिप्पणी छ ।

आम नेपाली जनता चुनावको व्यग्र प्रतिक्षामा रहेको भन्दै चुनावसँगसँगै युवाहरुको हत्यारालाई पनि तत्काल कानूनी कारबाहीको दायरामा ल्याईनुपर्ने पक्षमा रहेको भन्दै सरकारलाई खुट्टा नकमाउन साहको सुझाव छ ।

आजपा अध्यक्ष साहले भने,' यो सरकार चुनावी सरकार हो, तर यसो भन्दैमा चुनाव गर्नुमात्रै यसको उद्देश्य कदापि होईन, मुलुकमा सरकार भएको आभाष दिनको लागि पनि दिनको उज्यालोमा खुलेआम ओली सरकारले युवाहरुको हत्या गरेको छ, उनीहरूलाई कारबाही गर्नु यो सरकारको प्रथम दायित्व हो ।' अहिलेको सरकारले युवाहरूको हत्यारालाई कारबाही नगरे जनताले आफ्नै बलमा हत्याराहरूलाई घरबाट थुतेर जनकारबाही गर्ने पनि उनको चेतावनी छ ।

पर्साबाट नेताहरू बिगतमा मन्त्री भएपनी जिल्लाको बिकासमा काम नगर्दा आम नागरिकले दुःख ब्यहोर्नु परेको यथार्थ बिषय उल्लेख गरे ।

वीरगन्जलाई आर्थिक राजधानी बनाउनुपर्ने, नारायणी हस्पिटललाई मेडिकल कलेज बनाउनुपर्ने, ठाकुरराम बहुमुखी क्याम्पसलाई बिश्व विद्यालय बनाउनुपर्ने, नारायणी रंगशालालाई विश्व स्तरीय बनाउनुपर्ने भएपनी ती मन्त्रीले ध्यान नदिदा आजपाले गरेको आन्दोलन समेत उनले स्मरण गरेका छन् ।

# छठ मनाउन काठमाडौं महानगरले तोक्यो ८ स्थान



**काठमाडौं/मस**–काठमाडौं महानगरपालिकाले महानगरभित्र छठ पर्व मनाउन ८ स्थान तोकेको छ । काठमाडौं महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले शनिबार पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएका छन् ।

उनकाअनुसार महानगरले कमलपोखरी, गौरीघाट, बोक्सीदह, वागमती दोभन, टंकेश्वर, बल्खु कुमारी क्लव अगाडी, कुलेश्वर भलिबल ग्राउण्ड र रामघाट छठ मनाउनको लागि तोकिएको छ । यी ठाउँहरुमा महानगरले सरसफाईको कार्य थालनी गरेको पाण्डले जानकारी दिए । उनकाअनुसार ३ सय भन्दा बढी सरसफाइकर्मीहरु खटिएका छन् ।

काठमाडौं महानगरले छठ पर्व मनाउनको लागि कुनै कमी नहुने गरी व्यवस्थित रुपमा तयारी गरिएको उनले जानकारी दिए । उनले छठ पर्वको नाममा ताल पोखरीमा पैसा उठाउन नपाउने बताए । उनले कसैले कुनै प्रकारका शुल्क लिन खोजेमा जानकारी गराउन पनि आग्रह गरे ।

उनले छठ पर्व मनाउन तोकिएको ठाउँमा सवारी पार्किङ नगर्न पनि आग्रह गरे । यसवर्ष कात्तिक १० गते छठ पर्व मनाइँदैछ । छठ पर्व नदी किनारामा गएर सूर्यको पूजाआराधाना गरेर मनाइन्छ ।

# हत्यामा संलग्न रहेको अभियोगमा पक्राउ

**कास्की/मस**–पोखरा महानगरपालिका-५ बस्ने ४५ वर्षीय अनिल पराजुलीको हत्याको घटनामा संलग्न रहेको अभियोगमा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा पोखरा महानगरपालिका-१८ सराङकोट घर भइ सोही महानगरपालिका-५ मालेपाटन बस्ने २४ वर्षीय किशोर तिमिल्सिना रहेका छन् । उनलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

पोखरा महानगरपालिका-५ चिल्डेल पार्क नजिकै अनिल शनिबार बिहान अचेत अवस्थामा रहेको भन्ने सूचना प्राप्त हुनासाथ तत्काल वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले अनिललाई उपचारको लागि पश्चिम क्षेत्रीय अस्पताल पोखरा पठाएकोमा उनको उपचारको क्रममा मृत्यु भएको थियो ।




घटनाको अनुसन्धानको क्रममा किशोर तिमिल्सिना र अनिल बिच सामान्य बादबिबाद हुँदा चक्कु प्रहार भएको भन्ने खुल्न आए पश्चात तिमिल्सिनालाई घटनामा प्रयोग भएको १ थान चक्कु सहित प्रहरीले पक्राउ गरेको हो ।

### 'भाइरल गोर्खे'को 'बतासले उडाइ लाग्यो' गीत

# सौगात र श्रृष्टिको छमछमी



**काठमाडौं/मस–** अभिनेता सौगात मल्ल र अभिनेत्री श्रृष्टि श्रेष्ठको मुख्य भूमिका रहेको फिल्म 'भाइरल गोर्खे'ले आफ्नो पहिलो गीत सार्वजनिक गरेको छ । नेपाली चलचित्र 'चिनो'को चर्चित गीत 'बतासले उडाइ लाग्यो'लाई रिमेक गर्दै सार्वजनिक गरिएको यो नयाँ संस्करणमा गायिका त्रिशला गुरुङ र गायक दीपक लिम्बूको स्वर रहेको छ ।

गीतमा रोहित शाक्यले संगीत भरेका छन् भने शब्द कुसुम गजमेरले लेखेका हुन् । मूल गीतमा भने कुमार कान्छा र आशा भोस्लेले स्वर दिएका थिए, संगीत रञ्जित गजमेरको थियो ।

श्याम पट्टेलको कोरियोग्राफीमा तयार गरिएको भिडियोमा नायक सौगात मल्ल र नायिका श्रृष्टि श्रेष्ठलाई रोमाञ्चक र चञ्चल मुद्रामा देखाइएको छ । भिडियोमा दुवैले ९० को दशकको 'चिनो'मा शिव श्रेष्ठ र कृष्टि मैनालीले देखाएको शैलीलाई पुनःजीवित पारेका छन् । नयाँ संस्करणमा सौगात र श्रृष्टिको प्रेमिल केमिस्ट्रीले पुरानो गीतमा नयाँ स्वाद थपेको छ । फिल्म 'भाइरल गोर्खे'ले पछिल्ला वर्षमा सामाजिक सञ्जालमा देखिएको भाइरल संस्कृतिलाई पर्दामा उतारेको बताइन्छ । निर्देशक निगम श्रेष्ठको लेखन तथा निर्देशनमा बनेको फिल्मले आधुनिक प्रवृत्तिको प्रभाव र त्यसका परिणामलाई हास्य-नाट्य र रोमान्टिक मिश्रणमा प्रस्तुत गर्ने दाबी गरिएको छ ।

एके ब्रदर कम्पनी, द जिएमआई एकेडेमी र निर्भाना फिल्म स्कुलको संयुक्त व्यानरमा बनेको फिल्ममा सौगात र श्रृष्टिसँगै बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, ऋषि धमला लगायत कलाकारको अभिनय छ ।

फिल्मका निर्माताहरू अमित श्रेष्ठ, विशाल ताम्राकार, महेश लामिछाने र केवल जंग कुँवर हुन् । कार्यकारी निर्माता निर्भाना फिल्म स्कुल र केदार श्रेष्ठ हुन् ।

छायांकन अमर महर्जनले गरेका हुन् भने सुरज महर्जन सह-छायांकार हुन् । फिल्ममा श्री श्रेष्ठको द्वन्द्व, अमित श्रेष्ठको साउन्ड डिजाइन, राजेन्द्र मोक्तानको रंग संयोजन, र बन्दे प्रसाद, रवि चौधरी तथा भीम विश्वकर्माको सम्पादन रहेको छ ।

फिल्मको छायांकन लमजुङको भुजुङ गाउँ, गोरखा र चितवनका रमणीय स्थानमा गरिएको हो । 'भाइरल गोर्खे' माघ १ गतेदेखि देशभरका हलमा प्रदर्शनमा आउने तयारीमा छ ।

# मोफसलका दर्शक भेट्न पुग्यो 'वरिष्ठ बलराम'को टिम

**काठमाडौं/मस–** चलचित्र 'वरिष्ठ बलराम'को टिम मोफसल पुगेको छ । दर्शक भेट्न भन्दै कलाकारसहितको टिम मोफसल पुगेको हो । काठमाडौंका दर्शकसँगको साक्षात्कारपछि 'वरिष्ठ बलराम'का कलाकार विजय बराल, समृद्धि अर्याल र निर्देशक सुरेन्द्र पौडेल मोफसलका दर्शक भेट्न निस्किएको हो ।

शुक्रबारदेखि 'वरिष्ठ बलराम'को टिम पश्चिम नेपालका विभिन्न हलमा पुगेको छ । हलमा पुगेर दर्शकको प्रतिक्रिया लिइरहेको छ ।

'दर्शकले उत्साहजनक प्रतिक्रिया दिइरहनुभएको छ । हेर्ने अधिकांश दर्शकले नेपाली मौलिक कथासहितको चलचित्र भन्दै हेर्नैपर्ने चलचित्र भन्नु भएको छ,' निर्देशक पौडेलले भने, 'चलचित्रले दर्शको मन जित्न सफल भएको छ । जसरी काठामाडौंका दर्शकले चलचित्र मनपराइदिनुभयो, त्यस्तै मोफसलका दर्शकले पनि उत्कृष्ट चलचित्र भएको बताइरहनुभएको छ ।'

निर्देशक पौडेलले धेरै शो हाउसफूल भएका र हाउसफूल नभएका शोमा पनि ७० प्रतिशतभन्दा माथि अकुपेन्सी रहेको जानकारी दिए ।

तिहारको भाइटीकाको अवसर पारेर प्रदर्शनमा आएको चलचित्र 'वरिष्ठ बलराम' ले देशभरका सिनेमा हलमा उत्साहजनक अकुपेन्सीमा प्रदर्शन भइरहेको छ । रिलिजको पहिलो दिन देखिनै



यो चलचित्रले हाउसफूल दर्शकहरूको साथ पाउँदै आइरहेको छ भने कतिपय हलहरूमा ७० देखि ८० प्रतिशतसम्म अकुपेन्सी हासिल गरेको छ ।

राजधानीदेखि बाहिरी सहरका सिनेमा हलहरूमा समेत दर्शकको भीड देखिएको छ । 'वरिष्ठ बलराम'को अकुपेन्सी राम्रो भएपछि केही हलहरूले आज शनिवारलाई शोमा समेत थप गरेका थिए । पहिलो दिन बिहानैदेखि धेरै शोहरू हाउसफूल हुनु र दोस्रो दिन पनि सिनेमा हलमा दर्शकको उपस्थिति उच्चसँगै हाउसफूल हुनुले चलचित्रको राम्रो वर्ड अफ माउथ बनेको बुझाउँछ ।

दयाहाङ राई र विजय बराल स्टारर यो चलचित्रले पहिलो दिनदेखि नै दर्शकको सकारात्मक रिभ्यु पाएसँगै चलचित्रको निर्माण पक्ष व्यापारप्रति आशावादी देखिएको छ ।

चलचित्र 'वरिष्ठ बलराम'लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन् । वृषभ सिद्धी इन्टरटेनमेन्ट को प्रस्तुतिमा आन्भी फिल्म्सको सहकार्यमा बनेको यो चलचित्रमा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पीके) लगायत कलाकारहरूको अभिनय छ ।

चलचित्रको कथा र सम्पादन निर्देशक पौडेलकै रहेको छ भने पटकथा महेश दवाडी ले लेखेका हुन् । निर्मातामा आशिष एच तामाङ र श्रीराज कार्की, कार्यकारी निर्मातामा प्रदीप जी धामी र पुष्कर बी. घिमिरे छन् । लाइन प्रोड्युसर राम विष्ट हुन् ।

मनकृष्ण महर्जन को छायांकन, प्रशान्त सिवाकोटी को संगीत, सम्राट बस्नेत को एक्सन निर्देशन र प्रदीप लामो को नृत्य निर्देशन रहेको चलचित्रलाई उपत्यकामा डीसीएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रीब्युसनले वितरण गरेको हो ।


## Bethanchok Rural Municipality
## Office of Rural Municipal Executive
**Dhungkharkha, Kavrepalanchowk**
**Bagmati Province, Nepal**

### Letter of Intent to Award the Contract

**Date of Publication: 2082/07/09 (Oct 26, 2025)**

This is to notify you that, it is our intention to award the contract for execution of the following bids to following substantially responsive lowest evaluated bidders. Corresponding Lowest Evaluated Substantially Responsive Bid is selected in accordance with ITB 32 and 33 of bidding document and this notice is published as per PPA 2063 clause 27.

| S.N. | Name of Contract | Contract Identification No. | Name and Address of Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount (with VAT & PS in NRS) |
|---|---|---|---|---|
| 1 | Dolakhola Khorthali Guwabhanjyang Road | BRM/082/83/ WORKS/01 | The Great Construction, Balkot-1, Bhaktapur | 1,12,37,622.76 |
| 2 | Patikharka Chalal Ganeshsthan Parthali Geldung Chyamrangbesi Road | BRM/082/83/ WORKS/02 | The Great Construction, Balkot-1, Bhaktapur | 80,94,682.95 |
| 3 | Chyasingkharka Health Post Building Construction | BRM/082/83/ WORKS/03 | Jayamatadi Nirman Sewa, Banepa Municipality-8, Kavrepalanchowk | 1,03,57,751.42 |
| 4 | Geldungkhola Culvert Works | BRM/082/83/ WORKS/04 | Jayamatadi Nirman Sewa, Banepa Municipality-8, Kavrepalanchowk | 40,27,221.70 |
| 5 | Golgaun Tawari Bhugdeu Road | BRM/082/83/ WORKS/05 | Januka Nirman Sewa, Panauti-10, Kavrepalanchowk | 28,99,596.86 |

**Chief Administrative Officer**


# तोडफोड र आगजनीमा मेरो सहभागिता छैन : दीपकराज गिरी



**काठमाडौं/मस–** अभिनेता दीपकराज गिरीले गत भदौ २३-२४ गते भएको जेनजी आन्दोलनको समयको आफ्नो एक तस्बिर सामाजिक सञ्जालमा भाइरल भएपछि त्यसबारे खुलेर प्रष्ट पारेका छन् । उनी अमेरिकामा 'छक्कापञ्जा टुर'को क्रममा रहेका बेला फेसबुकमार्फत प्रकाशित आफ्नो पोस्टमा गिरीले तोडफोड र आगजनीमा आफू कुनै किसिमले संलग्न नभएको बताएका छन् । उनले तोडफोड र आगजनीमा आफू संलग्न भएको प्रमाणित भए कारबाहीका लागि तयार रहेको स्पष्ट पारेका छन् ।

गिरीले सार्वजनिक गरेको तस्बिरमा उनी एक घर अगाडि र त्यसअघि जलाइएको एक मोटरसाइकल सामुन्नेबाट हिँडिरहेको अवस्थामा देखिएका छन् । सो तस्बिर पछाडिबाट खिचिएको थियो र केही प्रयोगकर्ताले सो तस्बिर गिरीकै भएको र उनी तोडफोडमा संलग्न भएको आरोप लगाएका थिए । गिरीले भने उक्त तस्बिर आफू बानेश्वरमा सर्वपक्षीय सानो भेलामा कलाकारको हैसियतमा उपस्थित हुन जाँदै गरेको समयको भएको उल्लेख गरेका छन् ।

पोस्टमा उनले लेखेका छन्, 'देशमा भएको त्यो तोडफोड र आगजनीमा मेरो सहभागिता छैन । यदि प्रमाणित हुन्छ भने हदैसम्मको कारबाहीका लागि तयार छु । म कुनै समूहमा आबद्ध नभएको कलाकार हुँ ।'

गिरीका अनुसार सो दिन गणेश कार्कीले बानेश्वरमा सर्वपक्षीय भेला बोलाएका थिए र कलाकारको रूपमा सहभागी हुन आग्रह गरेका थिए । उनले भनेका छन्, 'त्यसपछि म घरबाट बानेश्वरतर्फ हिँडें । बाटोमा सामान्य तोडफोड देखियो, तर त्यो घर कसको हो थाहा थिएन । कतिपयले मेरो त्यो हिँडिरहेको तस्बिर लिएर सामाजिक सञ्जालमा राखेका छन् र आफ्नै शैलीले कथा बुनेका छन् ।'

उनले सोही भेलामा 'तोडफोड नगरौं' भन्ने भाव बोकेको भिडियोलगायतका पहलहरु गरिएको तथा घर फर्किएपछि पनि निरन्तर राष्ट्रको सम्पत्ति जोगाउन सामाजिक सञ्जालमार्फत सबैमा आग्रह गरिरहेकाले तस्बिरलाई अलग अर्थ दिइनु अनुचित भएको बताएका छन् ।


## Dhangadhi Sub-Metropolitan City
## Office of the Municipal Executive
**Dhangadhi, Kailali**

### INVITATION FOR THE BIDS

**Date of publication: 26th October 2025 (2082/07/09 B.S.)**

1. Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures.

| S. N. | Contract ID Number | Description of Work | Estimate amount Ex. VAT and PS | Bid Security (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 24/DSMC/2082/083 | Construction of Asphalt Road from Ring Road to Rajghat Bridge Road Section (Kanchan Marg) at Ward No. 03 DSMC | 1,29,73,552.11 | 3,25,000/- | 3,000/- | 25th November 2025 (2082/08/09 B.S.) 12:00 Noon |
| 2 | 25/DSMC/2082/083 | Construction of Blacktop Road and Drain Slab Works at Namuna Marg Road Section Ward No. 03 DSMC | 37,04,216.11 | 93,000/- | 3,000/- | |
| 3 | 26/DSMC/2082/083 | Construction of Footpath Works from Gharelu Chowk to CG Chowk Road Section Ward No. 04 DSMC | 19,46,755.87 | 49,000/- | 3,000/- | |
| 4 | 27/DSMC/2082/083 | Construction of Blacktop Roads (Hirapur to Diamond Chowk Road Section and Sajjan Basic School to North) at Ward No. 17 DSMC | 26,26,398.80 | 66,000/- | 3,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## विश्वकप क्रिकेट लिग–२

# नेपालले आज अमेरिकासँग प्रतिस्पर्धा गर्दै




**काठमाडौं/मस–** आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको युएई शृंखला आज (आइतबार)देखि सुरु हुँदैछ। पहिलो खेलमै नेपालले अमेरिकासँग प्रतिस्पर्धा गर्दैछ। नेपाली समय अनुसार बिहान ११ बजेर १५ मिनेटमा खेल सुरु हुनेछ।

नेपाल पछिल्लो पटक टी-२० विश्वकपमा लगातार दोस्रोपटक छनोट हुँदै उत्साहित मनोबलका साथ युएई पुगेको छ। अब रोहित पौडेलको कप्तानीमा रहेको नेपाली टोली लिग-२ मा पुनरागमनको यात्रामा अर्को सफलता खोज्ने तयारीमा छ।

नेपाल क्रिकेट संघ (क्यान)ले यस शृंखलाका लागि टी-२० विश्वकप छनोट टोलीमै सानो परिवर्तन गरेको छ। मोहम्मद आदिल आलम, सन्दीप जोरा र लोकेश बम टोलीबाट बाहिरिँदा अनिल साह, भीम सार्की र शाहब आलमलाई समावेश गरिएको छ।

अधिकांश खेलाडी निरन्तर खेलमा सक्रिय रहेकाले नेपालको वर्तमान लयलाई यस शृंखलामा पनि निरन्तरता दिन सक्ने अपेक्षा गरिएको छ।

युएईमा हुने यो लिग-२ शृंखला अक्टोबर २६ देखि नोभेम्बर ५ (कात्तिक ९ देखि १९) सम्म चल्नेछ। नेपालले पहिलो खेल आज अमेरिकासँग खेलेपछि ३० अक्टोबरमा युएईसँग, १ नोभेम्बरमा पुनः अमेरिकासँग र ५ नोभेम्बरमा अन्तिम खेलमा युएईसँग प्रतिस्पर्धा गर्नेछ। लिग-२ मा नेपालले हालसम्म १२ खेल खेल्दै १६ अंक जोडेको छ। समान खेल खेलेको युएईसँग ६ अंक मात्र छ भने २० खेल सकेको अमेरिका २८ अंकका साथ दोस्रो स्थानमा रहेको छ। नेपाल हाल तालिकाको सातौं स्थानमा रहेको छ भने युएई आठौंमा छ। नेपालले गत असारमा स्कटल्यान्डमा भएको लिग-२ शृंखलामा उल्लेखनीय पुनरागमन देखाएको थियो। त्यतिबेला नेपालले बलिया टोली स्कटल्यान्ड र नेदरल्यान्ड्सविरुद्ध उत्कृष्ट प्रदर्शन गर्दै ३ खेलमा जित निकालेको थियो।

पहिले पुछारमा रहेको नेपाल त्यस शृंखलापछि एक स्थान माथि उक्लिएको थियो। खेलाडीहरूको आत्मविश्वास र संयमता दुवै बढेको देखिएको थियो।

यही सुधारिएको लयलाई निरन्तरता दिने उद्देश्यका साथ नेपाल अब युएईमा मैदानमा उत्रन लागेको हो। यद्यपि पछिल्लो चार महिनादेखि ५० ओभरको खेल नखेलेको कारण टोलीका लागि फर्म्याट अनुकूलता एक चुनौती बन्न सक्छ।

टी-२० विश्वकप छनोटमा बलिया प्रदर्शन गरेको नेपालका ब्याटरहरूले अब ५० ओभरको खेलमा धैर्य र रणनीतिक सोच देखाउनुपर्ने हुन्छ। लिग-२ मा पछिल्ला खेलहरूमा देखिएको ब्याटिङ सुधारलाई निरन्तरता दिन सके नेपालले महत्वपूर्ण ८ अंक बटुल्ने सम्भावना छ।

अमेरिकाले लिग-२ मा हालसम्म २० खेल खेलेर १४ जित हासिल गरेको छ। नेपालले ओडिआईमा अमेरिकासँग ८ पटक खेल्दा ४ पटक जितेको छ, ३ खेलमा पराजित भएको र १ खेल बराबरीमा टुंगिएको छ। त्यस्तै युएईसँग भएको १५ ओडिआई भेटमा नेपालले ९ र युएईले ६ खेल जितेका छन्।


नेपालको टोलीमा रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), कुशल भुर्तेल, आसिफ शेख, कुशल मल्ल, सन्दीप लामिछाने, करण केसी, सोमपाल कामी, नन्दन यादव, ललित राजवंशी, अनिल साह, आरिफ शेख, भीम सार्की, गुल्शन झा र शाहब आलम रहेका छन्।

# गण्डकीकी सुस्मिता भारतकी स्टार फाइटर सोनमसँग भिड्दै

**पोखरा/मस–** तेक्वान्दोपछि मुवाथाईमा चम्किरहेकी गण्डकीकी फाइटर सुस्मिता थापा मगर भारतको स्टार फाइटर सोनम जोम्बासँग भिड्ने भएकी छन्। नोभेम्बर ६ मा भारतको अरुणाचलमा हुने अन्तर्राष्ट्रिय फाइट च्याम्पियनसिपको मेन इभेन्टमा सुस्मिताले सोनमको सामना गर्ने भएकी हुन्।

सुस्मिताका लागि यो फाइट करियरकै ठुलो फाइटको रुपमा रहेको छ। भारतको चर्चित एमएमए (मिक्स मार्सलआर्ट) स्टार तथा एमएफएन (म्याट्रिक फाइट नाइट) च्याम्पियन सोनम जोम्बासँग किक बक्सिङमा भिड्ने छिन्।

यी दुईबीच प्रतिस्पर्धा हुने हालैमात्र घोषणा भएको सुस्मिताका प्रशिक्षक खगेन्द्र क्षेत्रीले जानकारी दिए। क्षेत्रीका अनुसार सुस्मिताका लागि यो अवसर र चुनौती हो। सुस्मिता यतिबेला रिब्समा लागेको चोटका कारण अनफिट रहेपनि ठुलो स्पर्धा भएकाले खेल्न राजी भएकी हुन्।



२१ वर्षीय सुस्मिता मुवाथाईमा अहिलेसम्म अपराजित खेलाडी हुन्। तर किकबक्सिङमा उनको रेकर्ड १-१ रहेको छ। फाइटिङ करियर सुरु भएको जम्मा एक वर्षमै उनले अन्तर्राष्ट्रिय स्तरको मञ्चमा मुख्य इभेन्ट फाइट पाउने सफलता हासिल गर्नु सामान्य कुरा नभएको प्रशिक्षक क्षेत्रीले सुनाए।

उता भारतकी २७ वर्षीय सोनमको प्रोफेशनल फाइटिङ रेकर्ड ७-१ रहेको छ। एमएफएनको शीर्ष फाइटरमध्ये एक हुन्। अनुभव, शक्ति र स्थानीय समर्थन यी सबै उनका पक्षमा छन्।

'यो भिडन्त दुई फरक शैली र पृष्ठभूमिका फाइटरबीचको टक्कर हुने विश्वास लिएको छु। हामी सीमापारी गएर आफ्नो देशको झण्डा उच्च पार्ने दृढ निश्चयका साथ रिङमा उत्रदै छौं', क्षेत्रीले भने, 'यो सुस्मिताका लागि अवसर हो। अहिले केही समस्या छ, तर पनि फाइटका लागि तयार भएका छौं। यो अवसर खेर जान नदिने सोचमा हामी अघि बढ्ने छौं।'

# रोहित र विराट चम्किँदा भारतको जित




**काठमाडौं/एजेन्सी–** भारतले सिड्नीमा भएको तेस्रो तथा अन्तिम एकदिवसीय (ओडिआई) खेलमा अस्ट्रेलियालाई ९ विकेटले पराजित गरेको छ। तर तीन खेलको सिरिज भने अस्ट्रेलियाले २-१ को अन्तरले जित्न सफल भयो।

शनिबार सिड्नी क्रिकेट ग्राउन्डमा २ सय ३७ रनको लक्ष्य पछ्याउने क्रममा भारतीय कप्तान रोहित शर्मा र स्टार ब्याटर विराट कोहलीले दोस्रो विकेटका लागि १ सय ६८ रनको अविजित साझेदारी गर्दै टोलीलाई सहज जितसम्म पुऱ्याए। भारतले ३८.३ ओभरमै लक्ष्य पूरा गर्दै सम्मानजनक जित हात पाऱ्यो।

भारतका कप्तान रोहित शर्माले १ सय २५ बलमा १३ चौका र ३ छक्कासहित १ सय २१ रन बनाएर नटआउट रहे। यो उनको ३३औं ओडिआई शतक र अन्तर्राष्ट्रिय क्रिकेटमा ५०औं शतक हो, जसमा १२ टेस्ट र ५ टी-२० शतक पनि समावेश छन्।

त्यसैगरी, विराट कोहलीले ८१ बलमा ७ चौकासहित ७४ रनको अविजित इनिङ खेल्दै टोलीलाई जित दिलाए। उनले अन्तिम रन प्रहार गर्दै खेल भारतको पक्षमा टुंग्याए।

यस इनिङसँगै कोहलीले आफ्नो ७५औं ओडिआई अर्धशतक पूरा गरे। पहिलो दुई खेलमा 'डक'मा आउट भएका कोहलीका लागि यो पुनरागमन विशेष रह्यो।

यसअघि, टस जितेर पहिले ब्याटिङ गरेको अस्ट्रेलियाले ४६.४ ओभरमा सबै विकेट गुमाउँदै २ सय ३६ रनमा सीमित रह्यो। घरेलु टोलीका म्याट रेनशले ५६ रनको अर्धशतक प्रहार गरे भने मिचेल मार्शले ४१ रन जोडे।

भारतीय बलर हर्षित राणाले उत्कृष्ट प्रदर्शन गर्दै ३९ रन खर्चिएर ४ विकेट लिएका थिए। उनका शिकारमा एलेक्स केरी, मिचेल वेन, कुपर कोनोली र जोश हेजलवुड परे। वाशिंगटन सुन्दरले थप दुई विकेट हात पारे।

सिरिजको अन्तिम खेलमा उत्कृष्ट प्रदर्शनका लागि रोहित शर्मा 'प्लेयर अफ द म्याच' र 'प्लेयर अफ द सिरिज' दुवै घोषित भए। उनले तीन खेलमा २०२ रन जोडे।

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०७/०९**

यस कार्यालयको मिति २०८२/०५/२० मा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचनाको बमोजिम रितपुर्बक दर्ताहुन आएका बोलपत्रहरू मध्ये न्युनतम मुल्यांकित सारभुतरूपमा प्रभावग्राही, देहायनुसार बोलपत्रदाताहरूको बोलपत्रस्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२)बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (रू मु.अ.क र पि.एस. समेत) |
|---|---|---|---|---|
| १. | IDOMAK/W/NCB/01/082/83 | Upgrading Of Aale Thokar Road, Bagamati-08, Ekikrit Krishi Firm Dekhi Aapkholsi Kiriyaputri Bhawan Road, Bagamati-07, Woda Karyalaya Dekhi Ghaiyabari Road, Bagamati-07, Dhansai School Road, Bagamati-07, MansaiToribari Road, Bagamati-07, Sherpachaur Mathi Ratomate Road, Bagamati-06, Makawanpur | M/S S.L.S. Construtction, Bagamati-07, Makawanpur | ६९,८९,५८८.०८ |
| २. | IDOMAK/W/NCB/02/082/83 | Upgrading work of Gogane Bhanjyang Road, Bhimphedi -02, Makawanpur | M/S Sunak Construction and Suppliers Pvt. Ltd., Tokha-08, Kathmandu | २०,५६,६४९.२२ |
| ३. | IDOMAK/W/NCB/03/082/83 | Upgrading work of Gumba Pokhari Road, Bhimphedi-2, Makawanpur | M/S KuntaNirmanSewa Pvt. Ltd., Kathmandu-10, Kathmandu | २०,२२,८०१.२० |
| ४. | IDOMAK/W/NCB/04/082/83 | Upgrading work of Amling Basante Road, Bhimphedi-3, Makawanpur | M/S Krishna Chaturbhuj NirmanSewa,Hetauda-11, Makawanpur | १७,३६,६२८.७० |
| ५. | IDOMAK/W/NCB/12/082/83 | Upgrading of Basantpur Mil to Raitole Road, Basantpur Sirantole Road and Dandibaari To Dalechok Road, Manahari RM-05, Makawnpur | M/S Genial Engineering and Construction P. Ltd, Manahari-3, Makawanpur | ५९,६३,८३३.६५ |
| ६. | IDOMAK/W/NCB/13/082/83 | Upgrading of Sarikhet Palase Road, Raksirang RM-03, Makawanpur | M/S Raghunath Construction P. Ltd., Changunarayan-04, Bhaktapur | १८,०६,६२७.०२ |
| ७. | IDOMAK/W/NCB/14/082/83 | Upgrading of Gaurigai Road and Upgrading of Halka Naya Ghar Tole Kundali Road, Thaha-12, Makawanpur | M/S Om Kalabhairab Construction, Thaha-03, Makawanpur | ३१,३५,०८५.९६ |

**पूर्वाधार विकास कार्यालय**
**मकवानपुर, नेपाल**

## Qatar मा रोजगार

**1. Integrated Logistics Co.** पुनः विज्ञापन, पूर्व स्वीकृति मितिः २०८१/१०/१० चलानी नं.: ६०२३१७९० LT No. 317612

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Vehicle Driver (GCC) | 6 | 0 | [illegible] | 2200 | ८४,५००।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |
| २. | Heavy Equipment Driver | 15 | 0 | [illegible] | 3000 | १,१५,२४०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

**2. Alfardan Group LLC** पुनः विज्ञापन, पूर्व स्वीकृति मितिः २०८१/०१/१८ चलानी नं.: ६०२१८८५३ LT No. 304036

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 5 | 0 | [illegible] | 1300 | ४९,९३५।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |
| २. | Waiter | 1 | 3 | [illegible] | 1700 | ६५,३००।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

**3. Integrated Logistics Co.** पुनः विज्ञापन, पूर्व स्वीकृति मितिः २०८२/०१/२३ चलानी नं.: ६०२३७११३ LT No. 323215

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 5 | 0 | [illegible] | 1800 | ६९,१४०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |
| २. | Labourer/Helper | 1 | 0 | [illegible] | 1000 | ३८,४१०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

अन्तरवार्ता २०८२ कार्तिक १६ गते (2 Nov., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com
श्रम ईजाजत नं.: ८७५/०६६/०६७

## कुवेतमा रोजगार

कम्पनीः DELIVERY PLUS COMPANY FOR DELIVERING CONSUMER ORDERS शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०७/०२ चलानी नं.: ६०२४६३७२ LT. No.:332709

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Drivers | 47 | 0 | स. काममा दक्ष | 140 | ६४,०२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक १६ गते (2 November 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

EVE NEPAL OVERSEAS PVT. LTD. Govt.Lic.No: 1013/068/69
Santinagar, Kathmandu, Tel No: 4107520, 4622436
Email: evenpl34@gmail.com, Website: www.evenepaloverseas.com

## कुवेतमा रोजगार

कम्पनीः FAST LINE COMPANY FOR THE DELIVERY OF CONSUMER ORDERS शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०७/०२ चलानी नं.: ६०२४६३७७ L.T. No.: 332710

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 15 | 0 | स. काममा दक्ष | 140 | ६४,०२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक १६ गते (2 Nobember 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

OMAMA MANPOWER PVT. LTD. Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9820492083, Whatsapp : 9820492083, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com

# Sanguri gadhi Rural Municipality

## Office of the Rural Municipal Executive

**Koshi Province, Bhedetar, Dhankuta**

**Invitation for Bids**

**Date of publication: 2082/07/09 (26th Oct, 2025)**

1. Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta invites online Bids from Nepalese eligible bidders for following works under National competitive bidding (NCB) Single Stage Single Envelope System Bidding Procedure. Bidders may obtain further information from the PPMO web Portal website: www.bolpatra.gov.np/egp with Public Entity Name: Sangurigadhi Rural Municipality, Office of the Rural Municipal Executive, Bhedetar, Dhankuta. www.sangurigadhimun.gov.np.

| Contract Identification no. | Description | Estimated Amount (With VAT) NRs. | Bid Doc. Fee NRs. | Bid Security NRs | Deadline for Bid Submission | Deadline for Bid Opening Date |
|---|---|---|---|---|---|---|
| SRM/NCB/Works//2082/083-03 | Construction of Kolbote Dharapani Golkhadi Koridor Road Upgrading Works. | 95,04,686.01 | 3,000.00 | 2,60,000.00 | 12:00 Hrs of 25th Nov, 2025 | 13:00 Hrs of 25th Nov, 2025 |
| SRM/NCB/Works//2082/083-04 | Construction of Mohanchowk Phaksib Budimorang Danabari Kabeli Road Upgrading Works. | 63,33,274.22 | 3,000.00 | 1,60,000.00 | 12:00 Hrs of 25th Nov, 2025 | 13:00 Hrs of 25th Nov, 2025 |

**Chief Administrative Officer**

## एकैदिन मुस्ताङ भित्रिए सात हजार पर्यटक



**मुस्ताङ/मस-** धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा एकैदिन ६ हजार ८ सय ५९ पर्यटक भित्रिएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार तिहारको भाइटीका सकिएको पहिलो दिन राष्ट्रिय गौरवको (बेनी-जोमसोम) सडकमार्ग हुँदै उक्त संख्यामा आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएका हुन् ।

तिहारलगत्तै शुक्रबार बेनी-जोमसोम सडकमार्गमा यात्रुवाहक सवारीसाधनको लस्करले राष्ट्रिय राजमार्ग पुरै व्यस्त रह्यो । मुक्तिनाथ दर्शन तथा यहाँको रमणीय प्राकृतिक सौन्दर्यता अवलोकन गर्न तिहार पर्वलगत्तै मुस्ताङमा पर्यटक आवागमन ह्वात्तै बढेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यहाँ एकैदिन छ हजार ५ सय ६ जना आन्तरिक र ३ सय ५३ जना विदेशी पर्यटक भित्रिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रमुख छिरिङ किप्पा लामाले जानकारी दिए । शुक्रबार एकैदिन दुई हजार १ सय ६८ यात्रुवाहक सवारीसाधन म्याग्दी हुँदै मुस्ताङ भित्रिएको लामाले उल्लेख गरे ।

यसैगरी कात्तिकको एक सातामा बेनी-जोमसोम सडकमार्ग हुँदै २० हजार ५ सय ९ जना आन्तरिक तथा बाहय पर्यटक मुस्ताङ भित्रिएका छन् । यहाँ कात्तिक १ देखि ७ गतेसम्म १७ हजार १ सय २९ आन्तरिक र तीन हजार ३ सय ८० विदेशी पर्यटक मुस्ताङ भित्रिएको प्रहरी नायब उपरीक्षक लामाले बताए । कात्तिकको पहिलो सातासम्म बेनी-जोमसोम सडकमार्ग हुँदै छ हजार ७ सय ३६ सवारीसाधन मुस्ताङ भित्रिएको प्रहरी नायब उपरीक्षक लामाको भनाइ छ ।

चालु आर्थिक वर्षको साउनदेखि असोजसम्म एक लाख १८ हजार ५ सय ८९ पर्यटक मुस्ताङ भित्रिएका थिए । यहाँ आन्तरिक ९१ हजार १ सय २५ र विदेशी २७ हजार ४ सय ६४ जना मुस्ताङ भित्रिएको प्रहरीको तथ्यांकमा उल्लेख गरिएको छ ।

तिहारलगत्तै मुक्तिनाथमा दर्शनार्थीको संख्या अत्यधिक रुपमा वृद्धि भइरहेको मुक्तिनाथ विकास समितिका कोषाध्यक्ष प्रमेश गुरुङले जानकारी दिए । मुक्तिनाथमा आज बिहानैदेखि दर्शनार्थीको संख्याले परिसर पूरै खचाखच भरिएको कोषाध्यक्ष गुरुङको भनाइ छ । मन्दिरमा दर्शनार्थीको सहजताका लागि सुरक्षा निगरानी र लाइनबद्ध गराउन सुरक्षा निकायसँगै स्वंयसेवक खटाइएको कोषाध्यक्ष गुरुङले जनाए । हिउँदयाम सुरु भइसकेकाले चिसोसमेत बढेकाले हाइअल्टिच्युड हुने सम्भावनालाई मध्यनजर गर्दै स्वास्थ्यकर्मी र हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टरलाई तयारी अवस्थामा राखेर दर्शनकार्यमा सहजीकरण गरिएको उनले बताए। यहाँ वडा कार्यालय र मुक्तिनाथ विकास समितिको पहलमा मन्दिरको चारैतर्फ सीसी क्यामेरा जडान गरिएकाले दर्शनार्थी सुरक्षाका लागि कुनै समस्या नहुने कोषाध्यक्ष गुरुङले सुनाए ।

तिहारलगत्तै मुस्ताङमा आन्तरिक पर्यटकको चापले ट्राफिक व्यवस्थापनमा समस्या परेको प्रहरीले जनाएको छ। सयौं सवारीसाधन एकैसाथ बेनी-जोमसोम सडकमार्गमा फ्लो हुँदा ट्राफिक जामसमेत भएको थियो । मुस्ताङको घाँसादेखि मुक्तिनाथसम्म करिब ३ सय होटलले पर्यटक थेग्न नसक्दा पर्यटक व्यवस्थापनमा चुनौती भएको थियो । उद्योग वाणिज्य संघका अध्यक्ष राजुप्रसाद लालचनले शुक्रबार बेनी-जोमसोम राष्ट्रिय राजमार्गमा सञ्चालनमा रहेका सबै होटल पर्यटकले भरिभराउ भएको बताए । चाडपर्वका बेला मुस्ताङ घुमफिर गर्ने महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलका रुपमा विकास भएकै कारण पर्यटकको संख्यामा अकल्पनीय रुपमा वृद्धि हुँदै जान थालेको अध्यक्ष लालचनको भनाइ छ ।

विशेष चाडपर्वमा पारिवारिक भ्रमण, स्कुल तथा कलेजका विद्यार्थी, कर्मचारी र विदेशबाट चाडपर्व मान्न स्वदेश फर्किएका नेपाली मुस्ताङ भ्रमण गर्नेको संख्या बढेको अध्यक्ष लालचनले बताए । सामान्य अवस्थामा पर्यटक व्यवस्थापन नहुने भए पनि दसैं तिहार र छठ पर्वमा लामो सरकारी बिदा पर्ने भएकाले युवापुस्ताको घुमफिरको केन्द्र मुस्ताङ बन्न थालेको छ ।

राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडकमार्ग सहज हुँदै जान थालेपछि यहाँको पर्यटन व्यवसायमा नयाँ उभार आउन थालेको हो । पर्यटकीय याममा यहाँ सञ्चालनमा रहेका होटलले पर्यटक थेग्न नसक्ने अवस्था रहेको छ । प्रहरीले विशेष चाडपर्वका बेला मुस्ताङ भ्रमण गर्ने योजनामा रहेका पर्यटक होटल बुकिङ गरेर मात्रै आउन अनुरोध गरेको छ ।

## जेनजी आन्दोलनको अर्थतन्त्रमा प्रभाव

# मुख्य सूचक देखिन थाले नकारात्मक

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ८ कात्तिक




भदौ २३ र २४ गते भएको जेनजी आन्दोलको नकारात्मक अर्थतन्त्रमा देखिन थालेको छ । बैंकिङ क्षेत्र, घरजग्गा कारोबार, विदेशी लगानी, आर्थिक वृद्धिदर, पर्यटकको आगमन लगायत अर्थतन्त्रको मुख्य सूचकमा नकारात्मक असर देखिन थालेको हो ।

सरकारले चालु आर्थिक वर्षको बजेट कार्यान्वयन गर्दा चालु आर्थिक वर्षमा ५.५ प्रतिशतको आर्थिक वृद्धि हुने लक्ष्य राखेको थियो । तर, जेनजी आन्दोलनको प्रभावका कारण नेपालको प्रक्षेपित आर्थिक वृद्धिदर घट्ने भन्दै अन्तर्राष्ट्रिय निकायहरूले नयाँ अनुमान सार्वजनिक गरिसकेका छन् ।

केही दिन अगाडि मात्रै एक प्रतिवेदन सार्वजनिक गर्दै विश्व बैंकले नेपालको आर्थिक वृद्धिदर २.१ प्रतिशतमा खुम्चिने अनुमान गरेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले पनि चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदरसम्बन्धी गरेको पूर्व अनुमानलाई घटाएको छ ।

जेनजी आन्दोलनपश्चात बनेको सरकारले एक महिना भन्दा लामो समयसम्म सरकारको पूर्ण आकार बनाउन नसक्दा साथै विशेषगरी निजी क्षेत्रलाई वा लगानीकर्तामाझ विश्वासको वातावरण तयार गर्न नसक्दा आर्थिक क्षेत्रमा ठूलो अन्यौलताको अवस्था सिर्जना भएको छ। जसको प्रभाव अर्थतन्त्रका विभिन्न महत्वपूर्ण क्षेत्रमा देखिएको पाइन्छ ।

जेनजी आन्दोलनको नकारात्मक प्रभाव विदेशी लगानीमा परेको तथ्यांकले देखाएको छ । चालु आर्थिक वर्षको साउन महिनामा दुई ठूला र १२५ वटा साना कम्पनीका लागि २४ अर्ब १० करोड ४९ लाख ९५ हजार रुपैयाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । साथै, उक्त महिनामा विदेशी लगानीकर्ताले नेपालका विभिन्न ८ वटा कम्पनीको एक अर्ब ९९ करोड रुपैयाँ बराबरको सेयर खरिद सम्झौता पनि गरेका थिए ।

भदौ महिनामा साउनको तुलनामा घटेर ७ वटा ठूला उद्योग, ४ वटा मध्यम उद्योग र २२५ वटा साना उद्योगमा ८ अर्ब ९८ करोड ७० लाख ५९ हजार रुपैयाँमा विदेशी लगानी प्रतिबद्धता सीमित भएको थियो । साथै, सो महिनामा लगानीकर्ताले ५० करोड ४४ लाख रुपैयाँको सेयर खरिद सम्झौता गरेका थिए ।

भदौ अन्तिम साता जेनजी आन्दोलनले देशको राजनीतिक सन्तुलनमा नै फेरवदल गरिदियो भने अनिश्चितताको सुरुवात पनि गऱ्यो । जसले गर्दा असोजमा वैदेशिक लगानीको प्रतिबद्धतामा ठूलो नकारात्मक असर परेको उद्योग विभागको तथ्यांकले देखाएको छ ।

विभागकाअनुसार असोजमा ७ वटा ठूला उद्योग, ४ वटा मध्यम र ३ सय साना उद्योगमा २ अर्ब ४ करोड ५७ लाख ३२ हजार रुपैयाँ बराबरको विदेशी लगानीको प्रतिबद्धता आएको छ । त्यस्तै, सो महिनामा २ करोड रुपैयाँ बराबरको मात्रै सेयर खरिद सम्झौता भएको छ ।

पछिल्लो समयमा राजनीतिक अनिश्चयको प्रभाव बैंकिङ क्षेत्रमा पनि बढ्दै गएको देखिएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार सेप्टेम्बर १५ अर्थात् भदौ मसान्तसम्म बैंकिङ क्षेत्रमा ७३ खर्ब ३१ अर्ब निक्षेप संकलन भएको थियो । १५ अक्टोबरसम्म अर्थात् असोज २९ सम्म त्यस्तो निक्षेपमा वृद्धि भएर ७४ खर्ब ५५ अर्ब रुपैयाँ पुग्यो अर्थात् एक महिनाको अवधिमा बैंकिङ क्षेत्रमा १ खर्ब २४ अर्बले निक्षेप बढ्यो ।

तर, भदौ मसान्तदेखि असोज २९ गतेसम्म कर्जा प्रवाहमा भने जम्मा ३ अर्ब रुपैयाँले मात्रै वृद्धि भएको देखिएको छ । जसले लगानीकर्तामा अन्यौलता हुन गएको र कर्जाको माग पक्ष अत्यन्तै कमजोर हुन पुगेको देखाएको छ ।

त्यस्तै, जेनजी आन्दोलनपश्चात नेपालमा पर्यटकको आगमन पनि प्रभावित बन्न पुगेको देखिन्छ । अघिल्लो वर्षको सेप्टेम्बर महिनाको तुलनामा अहिले नेपालमा आउने पर्यटकको संख्यामा १८.३ प्रतिशतले गिरावट आएको पर्यटन बोर्डको तथ्यांकले देखाएको छ । गत वर्षको सेप्टेम्बरमा नेपालमा ७८ हजार ७ सय ११ जना पर्यटक घुम्न आएका थिए । तर, अहिलेको सेप्टेम्बरमा भने ९६ हजार ३ सय २ जना मात्रै पर्यटक घुम्न आए ।

साथै, जेनजी आन्दोलनपश्चात घरजग्गा कारोबार समेत प्रभावित भएको भूमि व्यवस्था तथा अभिलेख विभागको तथ्यांकले देखाएको छ । अघिल्लो आर्थिक वर्षको असोज महिनामा ३० हजार ५ सय २७ वटा लिखत पारित भएकोमा अहिले २३ हजार ३ सय ५३ संख्यामा सीमित भएको छ। जुन लिखत पारितको संख्या चालु आर्थिक वर्षका अघिल्ला साउन र भदौ महिनाको तुलनामा पनि कम हो ।

पछिल्लो समयमा पुँजीबजारमा पनि कारोबार घट्दै गएको छ भने सूचक पनि निरन्तर ओरालो लागेको छ । जेनजी आन्दोलनले अर्थतन्त्रमा पुर्याएको प्रत्यक्ष असर र त्यसपछि पनि नेपालको राजनीतिमा देखिएको अनिश्चितताले अर्थतन्त्रका अन्य महत्वपूर्ण पक्षमा पनि नकारात्मक असर फैलिँदै जान सक्ने विश्लेषकहरूले बताएका छन् ।

## तीन वटा प्रसारण लाइनले पाए निर्माणका लागि अनुमति



**काठमाडौं/मस-** सरकारले चालु आवको हालसम्म तीन वटा प्रसारण लाइन निर्माणका लागि अनुमति प्रदान गरेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको विद्युत् विकास विभागले भेरी करिडोरको बिजुली राष्ट्रिय प्रणालीमा जोडनका लागि महत्वपूर्ण मानिएको नलगाड मैनताडा प्रसारण लाइनलाई निर्माण अनुमति प्रदान गरेको छ। सो प्रसारण लाइन ७५ किलोमिटर लामो रहेको छ।

कूल ४ सय केभी क्षमताको सो प्रसारण लाइनले दुई हजार ४ सय मेगावाट बराबरको बिजुली प्रवाह गर्न सक्ने विभागले जनाएको छ। राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले सो प्रसारण लाइन निर्माण गर्दैछ ।

यस्तै, ३३ केभी क्षमताको खोरुङगा खोला प्रसारण लाइन निर्माणका लागि पनि अनुमति दिएको छ। सो प्रसारण लाइन चार दशमलव ३८ किलोमिटर रहेको छ । सो प्रसारण लाइनले चार दशमलव आठ मेगावाट बिजुली प्रवाह गर्छ। जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली प्रणालीमा जोडनका लागि सो प्रसारण लाइन निर्माण हुन लागेको हो ।

यसैगरी सुपर सर्दी खोला हाइड्रोपावरले पनि उत्पादित बिजुली प्रणालीमा जोडनका लागि ३३ केभी क्षमताको तीन दशमलव ६८ किलोमिटर लामो प्रसारण लाइन निर्माण गर्दैछ। सो प्रसारण लाइनमा दुई दशमलव नौ मेगावाट बिजुली प्रवाह हुनेछ ।

विभागले हालसम्म कूल २ सय ७४ वटा साना ठूला प्रसारण लाइन निर्माणका लागि अनुमतिपत्र प्रदान गरिसकेको छ ।

यस्तै, चालु आवको हालसम्म कूल आठ वटा प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमति दिइएको छ। ती आयोजनामा १ सय ३२ केभी क्षमताको मध्य चमेलिया रहेको छ ।

बेल्डिया सोलार पावर परियोजना, फालेखु खोला १ सय ३२ केभी प्रसारण लाइन परियोजना, जानकी सोलार पावर प्रसारण लाइन, दुधकोशी पाँचौं २ सय २० केभी प्रसारण लाइन परियोजना, समुन्द्रटार लप्सेफेदी २ सय ३२ केभी प्रसारण लाइन निर्माणका लागि अनुमति दिइएको छ ।

यस्तै, डाडाँखेती बुर्तीबाङ १ सय ३२ केभी प्रसारण लाइन र सानी भेरी १ सय ३२ केभी प्रसारण लाइन परियोजना छन्। विभागले हालसम्म कूल १ सय ४४ प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमति दिएको छ। यसैगरी विभागमा हालसम्म कूल सर्वेक्षण अनुमतिपत्रका लागि कूल २१ वटा प्रसारण लाइनको आवेदन परेको छ। त्यसमध्ये चालु आवको हालसम्म मात्रै ११ परियोजनाले अनुमतिका लागि आवेदन दिएका छन् ।

## काँकडभिट्टाबाट चार अर्ब ४८ करोडको पेट्रोलियम पदार्थ आयात



**झापा/मस-** चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो त्रैमासिकमा पूर्वी नाका काँकरभिट्टाबाट ४ अर्ब ४८ करोड ४५ लाख ६८ हजार रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ। पूर्वी नाकाबाट पेट्रोल, डिजेल, एलपी ग्यास, एटीएफ, मट्टितेल आयात भएको हो ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत ईश्वरकुमार हुमागाईका अनुसार अघिल्लो आव २०८१/०८२ को सोही अवधिको तुलनामा ५ करोड ९० लाख ३३ हजार अर्थात् एक दशमलव ३० प्रतिशतले पेट्रोलियम पदार्थको आयातमा वृद्धि भएको छ। आयात बढेसँगै पेट्रोलियम पदार्थबाट प्राप्त राजस्व तीन दशमलव २० प्रतिशत अर्थात् छ करोड ८९ लाख पाँच हजार रुपैयाँले बढेको सूचना अधिकारी हुमागाईँले बताए ।

कार्यालयको तथ्यांकअनुसार चालु आवको तीन महिनामा पेट्रोलियम पदार्थ आयातबाट २ अर्ब २० करोड ६८ लाख ६२ हजार राजस्व संकलन भएको छ। उक्त अवधिमा २ अर्ब ३२ करोड ७८ लाख मूल्य पर्ने २६ हजार ३ सय २० किलोलिटर पेट्रोल आयात भएको थियो। यसैगरी १ अर्ब २६ करोड १५ लाख मूल्य पर्ने १३ हजार ३ सय ५६ किलोलिटर डिजेल आयात भएको छ ।

त्यस्तै, तीन महिनाको अवधिमा ६२ करोड ८१ लाख मूल्य पर्ने छ हजार ३६१ मेट्रिक टन एलपी ग्यास, २० करोड २६ लाख मूल्य पर्ने २ हजार २ सय ५६ किलोलिटर एटीएफ र तीन करोड ७९ लाख मूल्य पर्ने ४ सय २० किलोलिटर मट्टितेल आयात भएको छ ।

## एफएटिएफ समीक्षा

# नेपाल ग्रे लिस्टबाट बाहिरिन सकेन

**काठमाडौं/रासस-** सम्पत्ति शुद्धीकरण मामिलाको निगरानी गर्ने अन्तरराष्ट्रिय निकाय 'वित्तीय कारवाही कार्यदल' (फाइनान्सियल एक्सन टास्कफोर्स-एफएटिएफ) ले नेपाल अझै निगरानी सूची अर्थात् 'ग्रे लिस्ट' मा रहेको जनाएको छ ।




शुक्रबार सम्पन्न एफएटिएफको चौथो पूर्ण बैठक पछि जारी वक्तव्यअनुसार नेपालले सुधारका प्रयास जारी राखेपनि अझै अपर्याप्त रहेको र थप सुधार आवश्यक रहेको जनाएको हो । नेपालले सन् २०२५ फेब्रुअरीमा एफएटिएफ र एसिया प्यासिफिक ग्रुप (एपिजी)सँग आफ्नो सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको प्रभावकारिता बलियो बनाउन उच्चस्तरीय राजनीतिक प्रतिबद्धता जनाएको थियो । यसमा सुधारका लागि केही कदम चालेको भएपनि नेपालले रणनीतिक सुधारका प्रयास थाल्नुपर्ने तथा स्पष्ट कार्ययोजना बनाएर कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता एफएटिएफले औंल्याएको छ ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा हुने लगानीको जोखिमबारे स्पष्ट बुझाइ आवश्यक रहेको पनि एफएटिएफले उल्लेख गरेको छ । वाणिज्य बैंक, सहकारी, क्यासिनो, गहना पसल, घरजग्गा कारोबारलगायतका क्षेत्रको जोखिममा आधारित निरीक्षण गरी सुधारका उपाय अबलम्बन गर्नुपर्ने, हुण्डीलगायत गैरकानुनी कारोबारको पहिचान र रोकथाम गर्नुपर्ने, सम्पत्ति शुद्धीकरण मामिला हेर्ने निकायको क्षमता अभिवृद्धि गर्ने तथा यसको अनुसन्धान र अभियोजन प्रक्रियालाई चुस्त बनाउनुपर्ने सुझाव दिएको छ ।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनको परिपालनामा चुक्दा नेपाल गत फागुनमा एफएटिएफको 'ग्रे लिस्ट'मा परेको थियो । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुन निर्माणमा उल्लेख्य प्रगति भएपनि संरचनागत र व्यवहारिक सुधारमा कमजोर देखिएको भन्दै एफएटिएफले यस्तो निर्णय लिएको थियो । त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी मामलामा नेपालको अनुसन्धान एवम् अभियोजन निकै फितलो रहेको औंल्याइएको थियो ।

नेपाल एफएटिएफको ग्रे लिस्टमा परेको यो दोस्रोपटक हो । यसअघि नेपाल सन् २०१४ मा यो सूचीबाट निस्किएको थियो । त्यसबेला नियामकीय सुधार गर्ने भनेर मार्गचित्र तयार पारी कार्यान्वयनमा आएपछि एफएटिएफको प्रत्यक्ष निगरानी हटाइएको थियो ।

'एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ' (एपिजी) ले करिब तीन वर्षअघि नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी 'पारस्परिक मूल्यांकन प्रतिवेदन' (म्युचुअल इभालुएसन) गरेर एफएटिएफलाई प्रतिवेदन बुझाएको थियो ।

सन् २०२३ जुलाई ९ देखि जुलाई १४ सम्ममा क्यानडाको भ्यानकुभरमा आयोजना भएको एपिजीको वार्षिक प्लेनरी बैठकले नेपालको पारस्पारिक मूल्यांकन पारित गरी सोही आधारमा सन् २०२३ अक्टोबरमा एफएटीएफले नेपाललाई एक वर्षको निगरानी अवधि (अब्जरभेसन पिरियड) दिएको थियो । जसमा ४० वटा सुधारका क्षेत्रहरू औंल्याइएका थिए । निगरानी अवधिमा एफएटिएफले सुझाएका काम नेपालले कार्यान्वयन गर्ने र सम्भावित ग्रे लिस्टमा जानबाट रोकिने विश्वास लिइएको थियो । तर, नेपालले एक वर्षको निगरानी अवधिमा पनि उल्लेख्य सुधार गर्न नसकेपछि अन्ततः उक्त सूचीमा परेको थियो ।

एफएटिएफले नेपाललाई सुधार गर्नुपर्ने भनि औंल्याएका विषयहरुमा गैर-वित्तीय क्षेत्र नियमनको दायरामा आउन नसक्दा यो क्षेत्रमा सम्पत्ति शुद्धीकरणको बढी जोखिम देखिएको, आतंककारी क्रियाकलापमा भइरहेको वित्तीय लगानीलाई नेपालले 'ट्र्याकिङ' गर्न नसकेको, उच्च जोखिमका बाबजुद सम्पत्ति शुद्धीकरणसँग जोडिएका मामिला अनुसन्धान र जाँचबुझमा नेपाल कमजोर देखिएको, कानुनी सुधारको गुञ्जायस देखिए पनि कार्यान्वयनमा चुकेकोलगायत उल्लेख थिए ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारणका लागि कानूनी सुधार र संस्थागत क्षमता विकास गर्न नेपालले उच्च तहको प्रतिबद्धता, पर्याप्त स्रोत साधन परिचालन, अन्तरनिकाय समन्वयलगायतका विषयमा ध्यान दिनुपर्ने सुझाव नेपाललाई दिइएको थियो । ती सुझावहरू कार्यान्वयनमा आंशिक प्रगति देखिएपनि नेपाल उक्त सूचीमा पर्नबाट जोगिन सकेन ।

त्यसअघि, नेपालले सन् २०२० मा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय जोखिम मूल्यांकन गरेको थियो । उक्त मूल्यांकनबाट नेपालका नियामकलगायत सम्बन्धित निकाय र निजी क्षेत्र सम्पत्ति शुद्धीकरणका चुनौतीबारे केही हदसम्म जानकार देखिएपनि आतंककारी क्रियाकलापमा वित्तीय लगानी पहिचान र निवारण चुनौतीपूर्ण रहेको औंल्याइएको थियो ।

राजनीतिक क्रियाकलापसँग जोडिएका गतिविधिमार्फत आतंककारी क्रियाकलापमा वित्तीय लगानी भइरहेको विषयलाई नेपालले पहिचान गर्न नसकेको एपिजी प्रतिवेदनमा उल्लेख छ। त्यसैगरी, गैर-वित्तीय पेसा व्यवसाय (नन् फाइनान्सियल बिजनेस एन्ड प्रोफेसन्स)लाई नियामकीय दायरामा ल्याउन नसकेको पनि निष्कर्ष पनि उक्त मूल्यांकनले निकालेको थियो ।

सम्पत्ति शुद्धीकरण मामलामा नेपाल उच्च जोखिममा रहेपनि त्यसको अनुसन्धान, जाँचबुझ तथा मुद्दा अभियोजन निकै फितलो छ । त्यस्तै सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित कानुन तल्लो तहसम्म कार्यान्वयनमा जान नसक्नु नेपालको कमजोरी रह्यो ।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादक/लागू पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं।

*दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**